राष्ट्रिय 'क' वर्गको पत्रिका

मिसन टुडे राष्ट्रिय दैनिक

नेपाल सम्वत् ११४६
चैत कृष्ण दशमी

www.missiontodaynews.com

'सूचनामा तपाईंसँगको साझेदारी'

# मिसन टुडे

काठमाडौं र कोहलपुरबाट एकैसाथ प्रकाशित

राष्ट्रिय दैनिक



अब धेरै नसोचौं।
छिटो, छरितो एवम्
गुणस्तरीय छपाईको लागि
मिसन अफसेट प्रेस
(छापाखाना) लाई नै रोजौं।
9858023069, 9858040368,
9858043069

वर्ष : १६ | अंक २५२ | पृष्ठ ८ | शुक्रबार २९ फागुन २०८२ | (FRIDAY 13 MARCH 2026) | मूल्य रु. १०

# इतिहासकै कमजोर हालतमा काँग्रेस र कम्युनिष्ट

**वीरेन्द्र जैसी**
*नेपालगन्ज, २८ फागुन*

नेपालको इतिहासमा प्रजातन्त्र स्थापनाको नेतृत्व गरेको दल नेपाली काँग्रेस र प्रजातन्त्र पुनस्थापना र गणतन्त्र स्थापनाको नेतृत्व गरेका कम्युनिष्ट पार्टीहरू यतिखेर इतिहासकै सबैभन्दा कमजोर स्थितिमा पुगेका छन् । फागुन २१ मा भएको निर्वाचनबाट काँग्रेसले नेपालको पहिलो निर्वाचन भएयताको सबैभन्दा कमजोर मत पाएको छ भने कम्युनिष्ट दलहरूको मत पनि २०४८ सालयताकै सबैभन्दा कमजोर देखिएको छ ।

प्राप्त मतपरिणाम हेर्दा प्रत्यक्ष र समानुपातिक गरी काँग्रेसले कूल ३८ सिट, एमालेले २५ सिट र नेकपाले १७ सिटमात्रै प्राप्त गर्ने अवस्था छ । कूल सिट संख्याका आधारमा यसपटक काँग्रेसले १४ प्रतिशत र दुई कम्पुनिष्ट दलले १५ प्रतिशत मात्रै सिट प्राप्त गर्नेछन् । यो सिट काँग्रेसको इतिहासमा सबैभन्दा कम हो भने एमालेको इतिहासमा २०४८ यताकै कम हो ।

२०४८ सालयता कुनै न कुनै रूपमा सत्तामा रहेका यी दुई विचारधारामा आधारित शक्तिहरू जनमतका हिसाबले यतिखेर गम्भीर संकुचनमा छन् । यी दलहरूले राजनीतिक परिवर्तनमा नेतृत्वदायी भूमिका खेलेका थिए । तर, ती परिवर्तनपछि जनताको जीवनस्तर सुधारका साथै सुशासन दिन चुक्दा उनीहरूविरुद्धको जनमत बलियो हुँदै गयो । त्यसले जनतामा बढाएको असन्तुष्टि विस्तारै उनीहरूविरुद्धको जनमतमा परिणत भयो । त्यही असन्तुष्टिलाई आधार बनाएर २०७२ को संविधान जारी भएयता नै वैकल्पिक राजनीतिक शक्ति निर्माणको अभ्यास भएको थियो । तर त्यसले पनि आकार ग्रहण गर्न नसकिरहेका बेला २०७९ को निर्वाचनको केही समयअघिबाट उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीले यसपटक उनीहरूलाई इतिहासकै संकुचित जनमतमा पुऱ्याएको छ । यसपटक राष्ट्रिय स्वतन्त्र पार्टीले दुईतिहाइ बहुमत नजिकको नतिजा ल्याएको छ । जसले अबको राजनीतिको परिदृश्यका बारेमा अनेक अड्कलबाजी भइरहेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीले आफूलाई काँग्रेस र कम्युनिष्ट दुवै शक्तिको विकल्प भएको दाबी गरिरहेको छ भने आलोचकहरू उसलाई पनि परीक्षण गरेपश्चात् मात्रै वैकल्पिक शक्ति भए नभएको भन्ने निर्क्यौल हुने बताउँछन् । जे भए पनि यसपटकको निर्वाचन नेपालको इतिहासको सामान्य निर्वाचनको रूपमा हेर्न नमिल्ने विश्लेषक विष्णु सापकोटाको मत छ ।

यो निर्वाचनले राजनीतिको पुरानो पुस्ताको विकल्प खोजेको रूपमा हेर्नुपर्ने सापकोटाले एक अन्तवार्तामा बताए । जनताका अनेक असन्तुष्टिहरूका बीच यसपटक युवाहरूलाई प्रभावित गर्ने व्यक्तित्व लिएर बालेन शाह आएको र युवाहरूमा पुराना राजनीतिकर्मीहरूले नेतृत्व गरेका दलहरूप्रति चरम वितृष्णाले गर्दा अहिलेको परिणाम आएको बताए ।

राजनीति विश्लेषक झलक सुवेदीले अहिले काँग्रेसकै जस्तो आर्थिक नीति बोकेको दल राष्टिय स्वतन्त्र पार्टीप्रति ठूलो आकर्षण देखिएको काँग्रेसले आफूलाई पुनर्स्थापित गर्न मिहिनत नगरेमा यो आकर्षण लामो समयसम्म पनि रहनसक्ने बताए ।

बाँकी दोस्रो पृष्ठमा...

| निर्वाचन वर्ष | दलले पाएको सिट | | कूल सिट | प्रतिशत |
|---|---|---|---|---|
| | काँग्रेस | कम्युनिष्ट | | काँग्रेस/कम्युनिष्ट |
| २०१५ | ७४ | ४ | १०९ | ६८.४ |
| २०४८ | ११० | ८० (एमाले ६९, जनमोर्चा ९ र नेमकिपा ६) | २०५ | ५४.३९ |
| २०५१ | ८३ | ९२ (एमाले ८८, नेमकिपा ४) | २०५ | ४०.४५ |
| २०५६ | १११ | ७८ (एमाले ७१, राजमो ५, नेमकिपा १, संयुक्त जनमोर्चा १) | २०५ | ५४.३८ |
| २०६४ | ११५ | ३६३ (माओवादी २२९, एमाले एक सय ८, जनमोर्चा ८, नेकपा एकीकृत ५, राष्ट्रिय जनमोर्चा ४, नेमकिपा ५, जनमुक्ति २, संयुक्त २) | ६०१ | १९.६० |
| २०७० | २०६ | २८४ (एमाले १८४, माओवादी ८३, माले ५, राजमो ३, संयुक्त ३, नेमकिपा ४, जनमुक्ति २) | ६०१ | ३४.४७ |
| २०७४ | ६३ | १७६ (एमाले १२१, माओवादी ५३, जनमोर्चा १, नेमकिपा १) | २७५ | २३.६४ |
| २०७९ | ८९ | ११२ (एमाले ७८, माओवादी ३२, नेमकिपा १, राजमो १) | २७५ | ३२.४१ |
| २०८२ | ३८ | ४२ (एमाले २५, नेकपा १७) | २७५ | १४.१५ |

## २०६४ पछि खस्किएको काँग्रेसको जनमत

नेपालमा भएको पहिलो आम निर्वाचनमा दुईतिहाइ बहुमत ल्याएको दल हो नेपाली काँग्रेस । जुन रेकर्ड यद्यपि यसपटकको निर्वाचनमा पनि तोडिने अवस्था छैन । त्यसबेला काँग्रेसले एक सय नौ सिटमध्ये ७४ अर्थात् ६८ प्रतिशत सिटमा विजय हासिल गरेको थियो । त्यसपश्चात् कुनै पनि दलले एकल दुईतिहाइ सिट प्राप्त गर्न सकेका छैनन् । यसपटक रास्वपा पनि दुई सिटभन्दा केही सिटले पछि रहने देखिएको छ ।

यसरी पहिलो निर्वाचनमा ऐतिहासिक जित प्राप्त गरेको नेपाली काँग्रेसले दुईतिहाइको जनमतका आधारमा सरकार पूरा कार्यकाल चलाउन भने पाएन । विपी कोइराला नेतृत्वको सरकार रहेका बेला राजा महेन्द्रले नेपालमा संसदीय व्यवस्था अफापसिद्ध भएको तर्क गर्दै निर्दलीय पञ्चायती व्यवस्था लागू गरे । त्यसपश्चात् २०४६ सालमा भएको जनआन्दोलनछि मात्रै उक्त निर्दलीय व्यवस्था अन्त्य भएर २०४८ सालमा नयाँ संविधानअनुसार अर्को संसदीय निर्वाचन हुन पायो । उक्त निर्वाचन

बाँकी दोस्रो पृष्ठमा...

## २०६४ पछिका बहुमत कम्युनिष्ट अब अल्पमतमा

२०१५ सालमा भर्खरै उदाएको कम्युनिष्ट पार्टीले चार सिट मात्रै जितेको थियो । तर, २०४८ सालमा जनआन्दोलनमा अग्रपंक्तिमा आएपछि नेकपा एमालेले ६९ सहित जनमोर्चाले ९ र नेमकिपा ६ सिट जिते । काँग्रेसले त्यसबेला पाएको बहुमतको कदर गर्न नसकेर मध्यावधि चुनावमा गएपछि एमालेले त्यसको फाइदा उठायो । उक्त निर्वाचनमा एमालेले ८८ र नेमकिपा ४ सिटसहित कम्युनिष्ट घटकहरूले ९२ सिट जितेका थिए ।

तर, २०५६ को चुनावमा फेरि उनीहरूको सिट घट्यो । एमालेले ७१, राजमोले ५, नेमकिपा र सं. जनमोर्चाले १ सिटसहित जम्मा ७८ सिटमा चित्त बुझाउनुपऱ्यो । तर, २०६४ को निर्वाचनमा सशस्त्र विद्रोहको रापबाट आएको माओवादीले ठूलो मतसहित २२९ सिट पायो ।

त्यसबाहेक एमालेले एक सय ८, जनमोर्चाले ८, नेकपा एकीकृतले ५, राष्ट्रिय जनमोर्चाले ४, नेमकिपाले ५, जनमुक्तिले

बाँकी दोस्रो पृष्ठमा...

# सम्भव छ नेपालमा विज्ञलाई मन्त्री बनाउन ?

नेपालको संविधानले गैरसांसद व्यक्तिलाई अधिकतम ६ महिनासम्म मन्त्री बनाउन सकिने व्यवस्था गरेको छ । त्यसपछि भने उनीहरूले संसदको सदस्यता लिनुपर्छ ।

**मिसन संवाददाता**
*काठमाडौं, २८ फागुन*

फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनको सबै नजिता प्राप्त भइसकेको छ । मत परिणामअनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) दुईतिहाइ मत प्राप्त गर्न मात्र दुई सिटले असफल भएको छ ।

जसअनुसार अबको सरकार रास्वपाले एकल रूपमा बनाउने प्रष्ट भइसकेको छ । र, सरकारको नेतृत्व रास्वपाका वरिष्ठ नेता बालेन शाहले गर्ने भनिएको छ ।

रास्वपाको नेतृत्वमा सरकार बन्ने कुरा निर्वाचनको नतिजाबाट प्रष्ट भए पनि अबको सरकारमा कस्ता मन्त्री रहने भन्ने विषयमा भने प्रष्टता भइसकेको छैन । किनकि अबको सरकारमा प्रतिनिधिसभा सदस्यमा निर्वाचन नभएका तर विज्ञ व्यक्तिहरूलाई मन्त्री बनाउनुपर्छ भनेर भावी प्रधानमन्त्रीको रूपमा चिनाइएका शाहले छलफलमा ल्याएपछि यस विषयले यतिखेर चर्चा पाइरहेको छ ।

सुशासन कायम गर्न र भ्रष्टाचार न्यूनीकरणका लागि सांसदहरूको साटो विज्ञहरूलाई मन्त्री बनाइनुपर्छ भनेर विगतमा पनि छलफल नभएको होइन । विगतका त्यस्ता छलफल प्रधानमन्त्री हुने व्यक्ति वा सत्तामा पुग्नेहरूले भन्दा नागरिकस्तरमा बढी हुने गर्थ्यो ।

तर आमनागरिकका यस्ता आवाजलाई बेवास्ता हुँदै आएको छ । यसपटक सुशासनको मुद्दा उठाउँदै चुनावमा होमिएको रास्वपाका तर्फबाट प्रस्तावित प्रधानमन्त्री शाहले मन्त्री सांसद नभई विज्ञ बनाउन सकिन्छ कि भन्नेमा छलफल चलाएपछि यसले पुनः आमसर्वसाधारणमा सकारात्मक सन्देश प्रवाह गरेको छ ।



यद्यपि शाह आफ्नो मन्त्रीपरिषद्मा विज्ञहरूलाई भित्र्याउन सक्छन् वा सक्दैनन् भन्नेमा यकिन छैन । किनकि रास्वपाकै सभापति रवी लामिछानेले निर्वाचनअघि नै केही व्यक्तिहरूलाई मन्त्रीका लागि तयारी गर्न निर्देशन दिइसकेको रास्वपाका एक नेता बताउँछन् ।

सभापति लामिछानेले मन्त्री बन्न तयारी रहन निर्देशन दिएका अधिकांश व्यक्ति प्रतिनिधिसभा सदस्य विजयी भएका छन् । 'एकातिर पार्टी सभापतिको बचन पाएका साथीहरू मन्त्री बन्न आतुर छन् भने अर्कोतर्फ प्रधानमन्त्रीको रूपमा प्रस्तावित बालेन शाह सांसदहरूको साटो विज्ञलाई मन्त्री बनाउन सकिन्छ कि भन्ने छलफलमा हुनुहुन्छ,' ती नेताले भने, 'मन्त्री बन्न खोजेकाबाहेक धेरैजसो सांसदहरू विज्ञलाई मन्त्री बनाउँदा राम्रो होला भन्ने सोचमा हुनुहुन्छ । तैपनि पार्टीले अन्तिम निर्णय नगर्दासम्म केही भन्न सकिँदैन ।'

भ्रष्टाचार व्याप्त रहेको मुलुकमा सांसदहरूको साटो विज्ञहरूलाई कार्यकारी जिम्मेवारी दिँदा बढी प्रभावकारी भएको पाइन्छ । सांसद भएका व्यक्ति मन्त्री हुँदा एकातिर मतदाताको चाहना पूरा गर्नुपर्ने हुन्छ भने अर्कोतर्फ आफ्नो निर्वाचन क्षेत्रलाई बढी प्राथमिकता दिनुपर्ने बाध्यता हुन्छ । विज्ञ समूहबाट मन्त्री बनाईंदा ती व्यक्तिहरूले खासै दबाब झेल्नु नपर्ने र देश तथा समाजका लागि जे आवश्यक हुन्छ त्यसमै दत्तचित्त भएर काम गर्ने भएकाले बढी लाभकारी हुने ठानिन्छ ।

रास्वपाले चुनावमा वर्षौंदेखि सत्तामा रहँदै आएका राजनीतिक दलले देशको हितमा काम गर्न नसकेको दाबी गर्दै आफूले नयाँ ढंगबाट काम गर्ने नारा दिएकाले मन्त्री छनोटको बेलादेखि नै फरक अभ्यास हुनुपर्ने सर्वसाधारणको भनाइ पाइन्छ ।

काठमाडौं बालुवाटारका रमेश क्षेत्रीले सांसदहरूलाई मन्त्री बनाउनुको साटो रास्वपाले विज्ञलाई मन्त्री बनायो भने त्यो अनुकरणीय हुने बताउँछन् ।

बालेन निकट सांसद राजुनाथ पाण्डे प्रभावकारी कामका लागि विज्ञहरूको टोली आवश्यक पर्ने र अहिले यस्तो विकल्पमा छलफल भइरहेको बताउँछन् । संसद्बाहिर रहेका विषयगत विज्ञलाई मन्त्री बनाउने विकल्पबारे पार्टीभित्र प्रारम्भिक परामर्श भइरहेको उल्लेख गर्दै उनले प्रधानमन्त्रीको रूपमा प्रस्तावित बालेनले सम्बन्धित क्षेत्रका विज्ञलाई मन्त्रीपरिषद्मा ल्याउन सकिन्छ कि भनेर छलफल गरिरहेको बताए ।

नेपालको संविधानले गैरसांसद व्यक्तिलाई अधिकतम ६ महिनासम्म मन्त्री बनाउन सकिने व्यवस्था गरेको छ । त्यसपछि भने उनीहरूले संसद्को सदस्यता लिनुपर्छ । संविधानको यस्तो

बाँकी दोस्रो पृष्ठमा...

बलात्कारपछि इनिसा हत्या प्रकरण :

# 'न्याय नपाए हत्याराकै घरमा पुग्छु'

**करुणा पौडेल**
*सुर्खेत, २८ फागुन*

छोरीको मृत्युले विक्षिप्त बनेकी वीरेन्द्रनगर-१ की तिला विकका आँखा निरन्तर रसाइरहेका छन् । उनको बोलीमा पीडा छ, आवाजमा आक्रोश । र मनमा एउटै माग छ, छोरीका हत्यारालाई न्यायको कठघरामा उभ्याइयोस् भन्ने ।

१६ वर्षीया इनिसा विकको मृत्युले उनको परिवार मात्र होइन, सिंगो समाजलाई स्तब्ध बनाएको छ । सुर्खेतको गुर्भाकोट नगरपालिका-६ बडाखोली स्थायी घर भई हाल वीरेन्द्रनगर-१ मा बस्दै आएको विक परिवार अहिले शोकमा डुबेको छ ।

फागुन २३ गते बिहान वीरेन्द्रनगर-४ स्थित शहीद पार्क नजिकको जनजागरण सामुदायिक वन क्षेत्रमा इनिसाको शव फेला परेको थियो । पीडित परिवारका अनुसार उनीमाथि सामूहिक बलात्कारपछि विभत्स रूपमा हत्या गरिएको हो ।

छोरी गुमाएकी आमा तिला विक न्यायका लागि सरकारसँग गुहार माग्दै भन्छिन्, 'जबसम्म न्याय पाइँदैन तबसम्म म चुप लागेर बस्दिनँ र मेरी छोरीलाई छिटोभन्दा छिटो न्याय देऊ ।' उनका अनुसार इनिसाको शरीरभरि चोटपटकका डाम थिए । 'मेरी छोरीलाई कुटीकुटी मारेका छन्, शरीरभरी निलडाम छ । थिचिथिचि मारेका छन्' उनी भक्कानिँदै भन्छिन्, 'पापी अपराधीले मेरी छोरीलाई मारिस् । न्याय नपाए म हत्याराको घरमै पुग्छु, स्कुलसम्म पनि पुग्छु ।'

छोरी गुमाएको पीडाले उनी कहिले रुन थाल्छिन् त कहिले सरकारप्रति आक्रोश पोख्छिन् । 'छिटोभन्दा छिटो न्याय दे सरकार, नत्र मलाई पनि मारिदे' उनले थपिन, 'घटना भएको हप्ता दिन बितिसक्दा पनि अनुसन्धानको स्पष्ट नतिजा सार्वजनिक नभएको छैन ।'

न्याय नपाए आफैं संघर्षमा उत्रिने चेतावनी दिँदै उनले आक्रोश पोख्छिन् । पीडित परिवारजन दोषीलाई तत्काल कानुनी दायरामा ल्याएर कडा कारबाही गर्न माग गरिरहेका छन् । छोरीको फोटो समातेर बसेकी तिला विकको आँसु रोकिए छैन । छोरीको हत्याको पीडाले विछिप्त बनेकी उनको मनमा एउटै प्रश्न छ, 'मेरी छोरीलाई न्याय कहिले मिल्छ ? भन्ने ।

फागुन २३ गते बिहान शहीद पार्क वन क्षेत्रमा बेहोस अवस्थामा फेला परेकी इनिसालाई प्रहरीले



प्रदेश अस्पताल कालागाउँ पुऱ्याए पनि चिकित्सकले मृत घोषणा गरेका थिए । मृतकका आफन्तहरूले सामूहिक बलात्कारपछि हत्या भएको आरोप लगाउँदै फागुन २५ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिएका छन् ।

इनिसा विकमाथि भएको बलात्कारपछि हत्या प्रकरणको निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न अधिकारकर्मीहरूले सरकारलाई दबाब दिएका छन् । घटना घटेको एक हप्ता बितिसक्दा पनि सत्यतथ्य सार्वजनिक नभएको र अनुसन्धानको गति सुस्त रहेको भन्दै पीडित परिवारसँगै समाजमा आक्रोश बढेको छ ।

अधिकारकर्मी अनिता नेपालीले यस्तो जघन्य घटनामा राज्य संयन्त्रको ढिलासुस्तीले न्यायप्रतिको विश्वास कमजोर बनाउने खतरा रहेको बताइन् । दलित समुदायमाथि हुने हिंसा, बलात्कार र हत्या बढ्दै गएको भन्दै उठेका आवाजहरूले यो घटना केवल एउटा परिवारको पीडा मात्र नभई सामाजिक न्यायको गम्भीर प्रश्न बनेको उनको भनाइ छ ।

'पीडित परिवार, आफन्त र अधिकारकर्मीहरू सडकमा उत्रन बाध्य हुनु आफैंमा राज्य संयन्त्रप्रतिको

बाँकी दोस्रो पृष्ठमा...

पहिलो पृष्ठको बाँकी

## इतिहासकै...

विश्लेषक सिके लालका विचारमा दलहरूले परिवर्तनको सपना पूरा गर्न नसकेका कारण अहिलेको स्थिति आएको हो । उनले एक अन्तर्वार्तामा भनेका छन्, 'देशमा सन् २०१५ देखि जुन किसिमको राजनीति सुरु भयो, त्यसले परिवर्तनको सपना तुहाइदियो । पहिलो संविधानसभाले नेपाली समाजमा एउटा ठूलो परिवर्तनको सपना देखाएको थियो । तर त्यो सपनाको निर्मम हत्या जुन दलहरूले गरे (कोही पक्षमा रहेर, कोही विपक्षमा रहेर), तिनलाई जनताले दण्ड दिएका हुन् ।'

उनको बुझाइमा अब पुराना दलहरूले नेपालको चाहनालाई ठम्याउने किसिमको सङ्गठनको नयाँ स्वरूप र नेतृत्वमा नयाँ अनुहार ल्याउनु जरुरी छ ।

## २०६४ पछिका...

२ र संयुक्त २ सहित कम्युनिष्ट घटकको सिट ६ सय ६३ अर्थात् ६० प्रतिशत हुन पुग्यो । तर कम्युनिष्टहरू एकत्रित भएर साझा मुद्दाको पैरवीभन्दा कम्युनिष्ट आचरणविपरीत पद र प्रतिष्ठाको लडाइँमा लागे । त्यसरी प्रचण्ड बहुमत पाएका कम्युनिष्टहरू भएको संविधानसभाले संविधान दिन सकेन ।

२०७० सालमा भएको संविधानसभाको अर्को निर्वाचनमा जनताले त्यसको सजाय पनि उनीहरूलाई दिए । माओवादी ८३ सिटसहित पहिलोबाट सिधै तेस्रो स्थानमा झर्‍यो । माओवादीले ८३, माले ५, राजमो ३, संयुक्त ३, नेमकिपा ४, जनमुक्ति २ गरी जम्मा दुई सय ८४ अर्थात् ४७ प्रतिशत पाएर कम्युनिष्ट दलहरू अल्पमतमा पुगे ।

२०७४ मा कम्युनिष्ट दलहरू एक बनाएर बलियो कम्युनिष्ट पार्टी बनाउने वाचासहित चुनावमा गएका एमाले र माओवादीको वाचा पत्याएर जनताले उनीहरूलाई पुनः बहुमत दिए, त्यो पनि झण्डै दुईतिहाइ । उक्त निर्वाचनमा दुई ७५ सिटमध्ये एमाले एक्लैले १ सय २१, माओवादीले ५३, जनमोर्चा र नेमकिपा १ गरी कम्युनिष्ट घटकको कूल एक सय ७६ सिट आएको थियो ।

उक्त भारी बहुमत फेरि कम्युनिष्टहरूले सदुपयोग गर्न सकेनन् । चुनावअघिको वाचाविपरीत आन्तरिक लडाइँमा लिप्त भए । जनताको जीवन परिवर्तनको एजेण्डाभन्दा सत्ताको एजेण्डा उनीहरूका लागि प्रधान भयो ।

त्यही गल्तीको सजायको संकेत जनताले २०७९ कै निर्वाचनमा दिइसकेका थिए । उक्त निर्वाचनमा कम्युनिष्ट घटकहरूको कूल सिट ६४ प्रतिशतबाट सिधै ४१ प्रतिशतमा झरेको थियो । तर उनीहरूले त्यसलाई नजरअन्दाज गर्दै पुनः उही गल्ती दोहोर्‍याइरहे । अझ अघि बढेर सत्ताको अहंकार सहन नसकेर जनताले सबैभन्दा ठूलो कम्युनिष्ट घटककै नेता प्रधानमन्त्री रहेका बेला इतिहासमै नभएको भौतिक क्षतिसहित मानवीय क्षति भोग्नुपर्ने अवस्था आयो । यसपटक जनताले मतमार्फत उनीहरूलाई सुध्रिने अवसरको गुन्जायससमेत नजरअन्दाज हुनेगरी इतिहासकै कमजोर हालतमा पुर्‍याइदिएका छन् ।

कम्युनिष्ट घटकका दुई ठूला दलले यसपटकको निर्वाचनमा प्रत्यक्षतर्फ दाहोरो अंकमा सिट पाउन सकेनन् भने कूल सिटमा १५ प्रतिशत सिट मात्रै उनीहरूले पाउने अवस्था आएको छ ।

## २०६४ पछि...

हुँदा काँग्रेसको विकल्पमा कम्युनिष्ट शक्ति उदाइसकेका थिए । तर पनि काँग्रेसले दुई सय पाँच सिटमध्ये एक सय १० अर्थात् ५४ प्रतिशत सिटमा जित निकाल्यो ।

तर बहुमतसहितको सरकार चलाउने क्रममा काँग्रेस आफ्नै पार्टीभित्रको किचलोमा फस्यो । नयाँ संविधान जारी भएपश्चात् जनताको जीवनस्तर सुधारका लागि काम गर्नुको साटो पार्टीको आन्तरिक किचलोमा फसेपछि गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकार ढल्यो र २०५१ सालमा मध्यावधि निर्वाचन भयो । उक्त निर्वाचनमा काँग्रेसलाई जनताले बहुमत दिँदा पनि काम गर्न नसकेकोमा सजाय दिए । काँग्रेस ८३ सिट ल्याएर ४० प्रतिशतमा खुम्चियो भने एमालेले ८८ र नेमकिपाले ४ गरी दुई कम्युनिष्ट दलहरूले ९२ सिट पाए । बहुमतको सरकार नभएको र माओवादीले सशस्त्र विद्रोह सुरु गरिसकेको अवस्थामा सरकारले जनताका अपेक्षाहरू पूरा गर्नभन्दा सरकार बनाउन र ढाल्नमा दलहरू उद्धत भए । यसबीचमा एमालेका मनमोहन अधिकारीको नेतृत्वम अल्पमतको सरकार पनि बन्यो र केही लोकप्रिय कार्यक्रम पनि ल्यायो । तर पूरा समय काम गर्न पाएन ।

त्यसपश्चात् २०५६ सालमा भएको निर्वाचनमा पुनः काँग्रेसले बहुमत पायो । दुई सय पाँचमध्ये एक सय ११ जित जितेको काँग्रेसको सरकार पनि बन्यो । तर काँग्रेसले जनताले दिएको बहुमतको कदर गर्न सकेन । पटक पटक सकार ढाल्ने खेलमा लाग्यो । पार्टीकै नेताहरूले सरकारको नेतृत्मा जान अनेक बितण्डाहरू मच्चाए । त्यहीबीचमा गिरिजाप्रसाद कोइराला नेतृत्वमा हुँदा नारायणहिटी दरबार हत्याकण्ड भयो । माओवादी विद्रोहलाई दबाउन कस्तो रणनीति अपनाउने सम्बन्धमा विवाद भएपछि कोइरालाले राजीनामा दिए । त्यसपछि बनेको शेरबहादुर देउवाको सरकार पनि पूरा कार्यकाल काम गर्न नपाउँदै राजा ज्ञानेन्द्रले अपदस्त गरेर सत्ता हातमा लिए ।

त्यसपछि सबै दलहरू एक ठाउँमा आएर २०६२-६३ को दोस्रो जन आन्दोलन भयो । उक्त आन्दोलनपश्चात् भएको संविधानसभाको निर्वाचनमा काँग्रेसले त्यसअघिका सबै निर्वाचनको भन्दा कम सिट पायो । ६०१ सिटमा एक सय मात्र एक सय १५ अर्थात् १९ प्रतिशत सिट मात्रै काँग्रेसले पायो । कम्युनिष्ट घटकहरूले ६० प्रतिशतभन्दा बढी सिट पाए । तर उक्त संविधानसभाले संविधान दिन सकेन । २०७० सालमा संविधानसभाको अर्को निर्वाचन भयो । उक्त निर्वाचनमा भने काँग्रेसले आफ्नो उपस्थितति केही सुधार गर्‍यो । मनोनीतसमेत गरी दुई सय ६ सिट पाएको काँग्रेसकै सभापति सुशील कोइराला प्रधानमन्त्री रहेका बेला २०७२ सालमा संविधान जारी भयो ।

नयाँ संविधान जारी भएपछि दलहरू अर्को अलोकप्रिय राजनीतिमा होमिए । उनीहरूले चुनावपूर्व नै गठनबन्धन गरेर चुनाव लड्ने रणनीति अपनाए । एमाले र माओवादीले त चुनावपछि पार्टी एकता गर्ने अनि स्थायी सरकार दिने भनेर एक भएर निर्वाचनमा गए । काँग्रेसले पनि विचारै नमिल्ने राप्रपा लगायतका दलसँग गठबन्धन गर्‍यो । नतिजामा काँग्रेस फेरि खस्कियो । उसले कूल दुई सय ७५ सिटमध्ये ६३ सिट अर्थात् जम्मा २३ प्रतिशत सिट मात्रै प्राप्त गर्‍यो ।

यसबीचमा दुई ठूला कम्युनिष्ट दलहरूले स्थायी सरकारको वाचा पूरा गर्न सकेनन् । पार्टी जोडिन नपाउँदै फुट्यो । केपी शर्मा ओलीको सरकार पूरा कार्यकाल चल्न नसकेपछि अदालतको आदेशबाट प्रधानमन्त्री बनेका शेरबहादुर देउवाकै नेतृत्वमा भएको २०७९ को निर्वाचनमा काँग्रेसलाई जनताले केही बढी सिट दिए । यसपटक पनि काँग्रेसले विचार नमिल्ने माओवादीसँग गठबन्धन गरेको थियो भने एमाले राप्रपा लगायतका दलसँग गठबन्धनमा थियो । उक्त निर्वाचनमा काँग्रेसले ८९ अर्थात् ३२ प्रतिशत सिट पाएर संसद्को पहिलो दल बन्यो ।

तर, यसबीचमा चारपटक सरकार बदलियो । पहिलो दलले सरकारको नेतृत्व गर्नै पाएन । पहिलो दलले सरकार बनाउने भन्दा तीनपटक तेस्रो बनेको नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वमा सरकार गठन भयो । पहिलो चुनावअघिको गठबन्धनविपरीत माओवादी र एमालेले सरकार बनाउन गठबन्धन गरेर सरकार बनाए । त्यसपछि फेरि माओवादी र काँग्रेसले गठबन्धन गरेर सरकार उनै प्रचण्डको नेतृत्वमा सरकार बनाए ।

त्यसपछि फेरि गठबन्धन बदलेर माओवादी र एमाले मिले र प्रचण्डकै नेतृत्वमा सरकार बनाए । त्यतिले पनि नपुगेर चौथो पटक पहिलो र दोस्रो दल काँग्रेस र एमाले मिलेर आधा आधा कार्यकालको भागबण्डा गर्दै एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार बनाए ।

ओली सरकारमा रहेकै बेला सामाजिक सञ्जाल बन्दको अव्यवहारिक र अलोकप्रिय निर्णयपश्चात् भदौ २३ गते युवाहरूको लामो समयदेखिको आक्रोश सडकमा पोखियो । जेनजी उमेर समूहका युवाहरूले नेतृत्व गरेको उक्त आन्दोलनमा हिंसात्मक बन्यो । भदौ २४ गते राज्यका तीनै अंगका मुख्यालयसहित देशभरका सरकारी कार्यालयहरू जलाइए । प्रधानमन्त्री नै ज्यान बचाउन सेनाको मद्दतले भाग्नुपरेपछि आएको संवैधानिक रिक्तताका बीच संसद् विघटन भयो र फागुन २१ गते निर्वाचन तोकियो । यस निर्वाचनमा जनताले यसअघि यी दुई घटकहरू काँग्रेस र एमालेले गरेको जनमतको अवहेलनाको एकैपटक बदला लिएजस्तो गरी मत दिएका छन् । जसको फाइदा २०७९ को निर्वाचनबाट उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीले लिएको छ ।

## सम्भव...

प्रावधानका बारेमा पनि रास्वपाभित्र छलफल भइरहेको बताइन्छ । कतिपयले विज्ञका लागि ६ महिना काम गर्ने अवधि पर्याप्त हुने बताउँछन् भने कतिपयले यस्तो व्यवस्थालाई संशोधन गर्न सकिने ठान्छन् ।

रास्वपाले निर्वाचनअघि सार्वजनिक गरेको वाचापत्रमा पनि विशेषज्ञतामा आधारित मन्त्रीपरिषद् बनाउने योजना उल्लेख गरेको थियो । वाचापत्रमा संघीय मन्त्रालयको संख्या सीमित गर्दै दक्षता र विशेषज्ञतामा आधारित प्रशासनिक संरचना विकास गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

**रास्वपाका समानुपातिक सांसद बढीमा १० पुरुष**

प्रतिनिधिसभा निर्वाचनको समानुपातिकतर्फ रास्वपाले ५१ लाख बढी मत प्राप्त गरे पनि पुरुष सांसद भने बढीमा १० जना हुन पाउने भएका छन् ।

रास्वपाले समानुपातिक प्रणालीमार्फत ५७ वा ५८ जनालाई प्रतिनिधिसभा सदस्य बनाउँदैछ । त्यति संख्यामध्ये उसले कम्तीमा ४८ महिलालाई सांसद बनाउनुपर्छ । किनकि नेपालको संविधानअनुसार संसद्मा न्यूनतम ३३ प्रतिशत महिला प्रतिनिधित्व अनिवार्य छ ।

रास्वपाबाट प्रत्यक्ष निर्वाचनतर्फ १६ जना महिला उम्मेदवार प्रतिस्पर्धामा रहेकामा १३ जना निर्वाचित भए भने राष्ट्रियसभामा रास्वपाको प्रतिनिधित्व छैन । त्यसैले ३३ प्रतिशत पुर्‍याउन यसपटक रास्वपाले कम्तीमा ४८ महिलालाई सांसद बनाउनुपर्नेछ ।

प्रत्यक्षतर्फ १२५ सिट जितेको रास्वपाले समानुपातिकतर्फ ५७ सिट हात पार्दा कूल १८२ सिट पुग्छ । यस्तो अवस्थामा ३३ प्रतिशत महिला प्रतिनिधित्व पुर्‍याउन कम्तीमा ६० जना महिला आवश्यक पर्छन् । अहिले प्रत्यक्षबाट १३ महिला मात्र निर्वाचित भएकाले बाँकी संख्या समानुपातिक सूचीबाट पूर्ति गर्नुपर्ने हुन्छ । त्यसका लागि ४८ जना महिला सांसद बन्नुपर्ने हुन्छ ।

रास्वपाले निर्वाचनअघि बुझाएको समानुपातिक बन्दसूचीमा विभिन्न समूहअन्तर्गत ६० महिला समावेश छन् । तीमध्ये शीर्ष प्राथमिकतामा रहेका महिला उम्मेदवार संसद्मा पुग्नेछन् । शीर्ष प्राथमिकतामा रहेका महिला उम्मेदवारहरूमा प्रतिभा रावल, रचना खतिवडा क्षेत्री, विधुषी राणा, समिक्षा बास्कोटा, ज्वाला संग्रौला, रिमा विश्वकर्मा, बसुमाया तामाङ, गंगा छन्त्याल, सुम्निमा उदास, अनुष्का श्रेष्ठ छन् ।

त्यस्तै पुनमकुमारी अग्रवाल, निशा मेहता, समिना मिया, अफ्सना बानु, अंकिता ठाकुर, सरिता महतो, ओजश्वी शेरचन, सिर्जना श्रेष्ठ, रजनी श्रेष्ठ, कुसुम महर्जन, भूमिका श्रेष्ठ, प्रमिला कुलुजु, सुजता तामाङ र कृपा महर्जनलगायत पनि प्राथमिकतामा छन् । रास्वपाले प्राथमिकतामा राखेका अन्य उम्मेदवारमा अमृता विक, सीता गीता चौधरी छन् ।

## न्याय...

अविश्वासको संकेत हो' उनले भनिन्, 'सुर्खेतदेखि काठमाडौंसम्म जुलुस, प्रदर्शन तथा ध्यानाकर्षणपत्र बुझाउने क्रमले जनआक्रोश कति गहिरो छ भन्ने देखाएको छ ।'

**दोषीलाई कारबाही गर्न प्रचण्डको माग**

इनिसा हत्या घटनाको निष्पक्ष छानबिन गर्न र हत्यामा संलग्नलाई कडा कारबाहीको माग गर्दै देशैभर उनको पक्षमा चर्को आवाज उठेको छ । यसैबिच नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले इनिसा बिकको हत्याको छिटो छानबिन गर्न र दोषीलाई कडा कारबाही गर्न माग गरेका छन् ।

बालिका इनिसा विकमाथि भएको सामूहिक बलात्कार र जघन्य हत्याको अपराधिक घटनाले मर्माहत बनाएको उल्लेख गर्दै उनले मृतक बालिकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गरेका छन् ।

उनले सामाजिक सञ्जालमार्फत भनेका छन्, 'घटनाको निष्पक्ष, छिटो र प्रभावकारी छानबिन गरी दोषीलाई कडा कानुनी कारबाही गर्न म सरकार र सम्बन्धित निकायसँग जोडदार माग गर्दछु ।' यस्तै, अधिकारकर्मीहरूले घटनालाई सामान्य आपराधिक घटना ठानेर बेवास्ता नगर्न राज्यसँग आग्रह गरेका छन् । उनीहरूले अनुसन्धानलाई तीव्र, निष्पक्ष र पारदर्शी बनाउन, दोषी जोसुकै भए पनि कानुनी दायरामा ल्याई कडा कारबाही गर्न तथा पीडित परिवारलाई न्यायको अनुभूति गराउने वातावरण बनाउन माग गरेका छन् ।

इनिसा विक प्रकरणमा समयमै सत्यतथ्य सार्वजनिक गरी दोषीमाथि कडा कारबाही हुन नसके समग्र न्याय प्रणालीप्रतिको विश्वासमा गम्भीर असर पर्ने युवा नेता तथा दलित अधिकारकर्मी खगेन्द्र सुनारले बताए । यथाशीघ्र निष्पक्ष छानबिन गरी दोषीमाथि कडा भन्दा कडा कारबाही गर्न उनको आग्रह छ ।

**अनुसन्धान गर्न विज्ञ टोली खटाइयो**

इनिसा विकको मृत्युको कारण पत्ता लगाउन विज्ञ टोली खटाइएको छ । घटनाको सुच्छम् अध्ययनका लागि केन्द्रीय प्रहरी अनुसन्धान ब्यूरो (सीआइबी) र नेपाल प्रहरी प्रदेश कार्यालय नेपालगञ्जबाट पोलियोग्राफी गर्न विज्ञ टोली परिचालन गरिएको हो ।

केन्द्रीय सीआइबीको टोली हवाइमार्ग र पोलियोग्राफी टोली स्थलमार्गबाट सुर्खेत आएको सुर्खेतका एसपी सुधिरराज शाहीले जानकारी दिए । उनका अनुसार पोलियोग्राफीले मानिसले झुटो बोलेको पत्ता लगाउने गर्दछ ।

त्यस्तै घटनाको थप अनुसन्धानका लागि पीडित र पीडक दुबै जनाको मोबाइल लगायतका विद्युतीय सामग्रीहरू अनुसन्धानका लागि केन्द्रीय विधि विज्ञान प्रयोगशाला पठाइएको उनले बताए ।

उनका अनुसार मृत्युको कारण पत्ता लगाउन घटनास्थलको सम्पूर्ण प्रमाणहरू अनुसन्धानका लागि केन्द्रीय प्रयोगशालामा पठाइएको हो । पोष्टमार्टमा रिपोर्ट, पोलियोग्राफी, कल डिटेल लगायतका सबै पक्षलाई केलाएर घटनाको अनुसन्धान भइरहेको छ ।

जिल्ला प्रहरी कार्यालय, सुर्खेतका प्रवक्ता डिएसपी मोहनजंग बुढथापाका अनुसार, सुर्खेत प्रहरीले फागुन २३ गते दिउँसो नै एक १६ वर्षीय किशोरलाई पक्राउ गरेको थियो । भने थप अनुसन्धानका लागि फागुन २४ गते अरू तीन जनालाई नियन्त्रणमा लिएर अनुसन्धान थालिएको छ ।

फागुन २३ गते पक्राउ परेका १६ वर्षीय युवक र इनिसा विगत दुई वर्षदेखि प्रेम सम्बन्धमा रहेको प्रहरीको दाबी छ । २३ गते विहान शहीद पार्क घुम्न जाने पूर्व सल्लाह अनुसार उनीहरू पार्क नजिकैको जंगलमा गएको देखिएको छ । त्यहाँ जबरजस्ती करणीपछि मृतकको पाठेघर च्यातिएको र अत्यधिक रक्तस्रावपछि मृत्यु भएको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ ।

कर्णाली प्रदेश अस्पताल, कालागाउँका तीन जना चिकित्सक सहित भेरी अस्पताल बाँकेका फोरेन्सिक विशेषज्ञ डा. अर्विन शाक्यले तयार पारेको पोस्टमार्टम रिपोर्टमा समेत सोही कुरा उल्लेख रहेको प्रहरीले जनाएको छ । जबरजस्ती करणी गर्दा मृतकको संवेदनशील अंग च्यातिएको र अत्यधिक रक्तस्राव हुँदा मृत्यु भएको पोस्टमार्टम रिपोर्टमा देखिएको डा. शाक्यले बताए । पोस्टमार्टम रिर्पोट अनुार संवेदनशील अंग च्यातिएपछि अत्याधिक रक्तस्राव हुदाँ मृत्यु भएको देखिन्छ ।

भने पीडितको संवेदनशील अंग पुरै च्यातिएर पाठेघरसम्म घाउको कालो धब्बा देखिएको डा. शाक्यले जानकारी दिए ।




# देवघाट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### देवघाट, तनहुँ
### गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

सूचना प्रकाशन मिति : २०८२/११/२७

प्रस्तुत विषयमा यस देवघाट गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८२/१०/१५ मा प्रकाशित सूचना बमोजिम Sustainable extraction of river bed materials from Kaliganadaki River Sadhebagar Ghat (07/2082/083) कार्यको लागि ई-बिडिङ मार्फत बोलपत्र आह्वान गरिएकोमा निर्धारित समयभित्र पेश हुन आएका बोलपत्रहरूको मूल्याङ्कन गर्दा तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र अधिकतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भएको हुँदा उक्त बोलपत्र स्वीकृतीको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं | योजनाको नाम | सूचना प्रकाशित मिति | छनौट भएको बोलपत्रदातको नाम र ठेगाना | कबोल अंक (भ्याट समेत) रु |
|---|---|---|---|---|
| 07/2082/083 | Sustainable extraction of river bed materials from Kaliganadaki River Sadhebagar Ghat | 2082/10/15 | Ashika Construction and Builders, Pokhara-33 | 70,06,000.00 |

प्रमुख प्रशासकीय अधिकृत

# डुडुवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बनकट्टी, बाँके
### लुम्बिनी प्रदेश, नेपाल

## दरभाउपत्र स्विकृत गर्नै आशयको सुचना

प्रकाशित मिती : २०८२।११।२९

यस कार्यालयको मिती २०८२।१०।१४ मा पहिलो पटक प्रकाशित दरभाउपत्र आह्वानको सुचना अनुसार २०८२।११।१५ मा रीतपुर्वक पेश हुन आएका दरभाउपत्रहरू मध्ये तपशिलका दरभाउपत्रका न्युनतम मुल्याङ्कित सारभुत रूपमा प्रभावग्राही देखिएकोले मिती २०८२।११।२८ मुल्याङ्कन समितीको निर्णय तथा सिफारिस अनुसार सार्वजनिक खरिद ऐन,२०६३ दफा २७ (२) र सोही ऐनको दफा ४७ प्रयोजनार्थ बमोजिम सम्बन्धित सबैको जानकारीको लागी यो सात (७) दिने आशयको सुचना प्रकाशित गरिएको छ ।

तपशिल :

| क्र.सं. | ठेक्का नं | कामको बिवरण | छनौट भएको बोलपत्रदाता | कबोल अङ्क भ्याट र PS समेत) |
|---|---|---|---|---|
| १. | DRM/NCB/ Works/02/2082-083 | Tepri Truss Bridge | Lumbini Engineering Works Pvt.Ltd.Butwal | १११०३०६४।४१ |

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

1. Kapur Nirman Sewa Namobudha-08 Kavrapalanchowk

# ओपो ए६ स्मार्टफोन नेपालमा सार्वजनिक

**मिसन संवाददाता**
*काठमाडौँ, २८ फाल्गुन*

ओपोले नेपालमा ओपो ए६ स्मार्टफोन सार्वजनिक गरेको छ। लामो ब्याट्री लाइफ, आकर्षक डिस्प्ले र मजबुत डिजाइनलाई प्राथमिकता दिने प्रयोगकर्तालाई लक्षित गरी यो स्मार्टफोन ल्याइएको कम्पनीले जनाएको छ। यसमा ७००० एमएएच् क्षमताको ब्याट्री रहेको छ, जसलाई ४५डब्लु सुपरभूक फास्ट चार्जिङ ले समर्थन गर्दछ, जसले प्रयोगकर्तालाई लामो समयसम्म प्रयोग गर्न र छिटो चार्ज गर्न सहयोग पुऱ्याउँछ। साथै, यसमा १२० एचजेड एमोलेड अल्ट्रा-ब्राइट डिस्प्ले रहेको छ जसको अधिकतम ब्राइटनेस ११२५ निट्ससम्म पुग्छ, जसले स्मूथ भिजुअल अनुभव र बाहिरी उज्यालोमा पनि स्पष्ट दृश्य प्रदान गर्ने जनाइएको छ।

ओपो ए६ को अर्को प्रमुख विशेषता अन्डरवाटर फोटोग्राफी तथा भिडियोग्राफी क्षमता हो, जसलाई आइपी६९ वाटर तथा डस्ट रेसिस्टेन्सले समर्थन गर्दछ। यसले प्रयोगकर्तालाई पानीभित्र समेत फोटो तथा भिडियो खिच्न सक्षम बनाउँछ। नेपालमा यो स्मार्टफोन ८जिबी + २५६जिबी भेरियन्टमा ३८ हजार ९९९ रूपैयाँ मूल्यमा उपलब्ध रहेको छ। ग्राहकहरूले ४० प्रतिशत डाउन पेमेन्टसहित शून्य प्रतिशत






इएमआई सुविधा पनि प्राप्त गर्न सक्नेछन्। साथै, ११ अप्रिल २०२६ भित्र खरिद गर्ने ग्राहकहरूले एक्सटेन्डेड वारेन्टी समेत प्राप्त गर्ने बताइएको छ। यो स्मार्टफोन साफायर ब्लु र अरोरा गोल्ड गरी दुई रंगमा उपलब्ध रहेको छ।

७००० एमएएच् ब्याट्री दैनिक प्रयोग, स्ट्रिमिङ, गेमिङ तथा अन्य मोबाइल गतिविधिका लागि लामो समयसम्म टिक्ने गरी डिजाइन गरिएको छ, जसले बारम्बार चार्ज गर्नुपर्ने आवश्यकता घटाउँछ। ४५डब्लु सुपरभूक फास्ट चार्जिङको सहयोगले प्रयोगकर्ताले छोटो समयमा फोन चार्ज गरी पुनः प्रयोग गर्न सक्छन्। साथै, यस स्मार्टफोनमा रिभर्स वायर्ड चार्जिङ सुविधा पनि रहेको छ, जसको माध्यमबाट अन्य कम्प्याटिबल डिभाइसहरू पनि चार्ज गर्न सकिन्छ।

भिजुअल अनुभवका लागि रहेको १२० एचजेड एमोलेड डिस्प्लेले स्मूथ स्क्रोलिङ, फ्लुइड एनिमेसन तथा जीवन्त रंगहरू प्रदान गर्दछ। ११२५ निट्स पिक ब्राइटनेसका कारण तेज घाममा पनि स्क्रिन स्पष्ट देख्न सकिन्छ, जसले बाहिरी प्रयोगलाई सहज बनाउने दाबी गरिएको छ।

क्यामेरा पक्षमा ओपो ए६ मा ५० एमपीएआई मेन क्यामेरा रहेको छ, जसले विभिन्न प्रकाश अवस्थाहरूमा समेत विस्तृत तथा स्पष्ट फोटो खिच्न सक्षम बनाउँछ। अन्डरवाटर फोटोग्राफी तथा भिडियोग्राफी सुविधाले पानीभित्र वा वर्षाका समयमा पनि विशेष क्षणहरू कैद गर्न मद्दत गर्दछ भने आइपी६९ रेटिङले पानी र धुलोबाट थप सुरक्षा प्रदान गर्दछ।

यस स्मार्टफोनमा ६एनएम स्न्यापड्रागन चिपसेट प्रयोग गरिएको छ, जसले मल्टिटास्किङ, गेमिङ तथा दैनिक प्रयोगका लागि प्रभावकारी प्रदर्शन प्रदान गर्दछ। साथै, एआई गेमबुस्ट र एआई लिंकबुस्ट ३.० ले गेमिङ अनुभवलाई सुधार गर्दै स्थिर नेटवर्क कनेक्टिभिटी सुनिश्चित गर्दछ।

भारी प्रयोगका क्रममा पनि स्थिर प्रदर्शन कायम राख्न ओपो ए६ मा सुपरकुल भीसीकूलिङ सिस्टम समावेश गरिएको छ, जसले ताप व्यवस्थापन सुधार गर्दछ। साथै, यसमा ६० महिना (५ वर्ष)सम्मको स्मूथ फ्लुएन्सी प्रोटेक्सन सुविधा रहेको छ, जसले दीर्घकालसम्म स्थिर तथा स्मूथ प्रयोग अनुभव प्रदान गर्ने लक्ष्य राखेको छ। ओपो ए ६ नेपालभरका अधिकृत ओपोका स्टोरहरूमा उपलब्ध रहेको जनाइएको छ।

# आरनको भरमा दम्पतीको जीविका

**मिसन संवाददाता**
*कञ्चनपुर, २८ फागुन*

बझाङको बुँगलबाट डेढ वर्षअघि कञ्चनपुर झरेका ५६ वर्षीय शङ्कर लुहार परम्परागत आरन पेसाको भरमा परिवारको जीविका चलाउँदै आएका छन्। शुक्लाफाँटा नगरपालिका-८ फुलेलीमा आरन सञ्चालन गर्दै उनले फलाम, तामा र सिल्भरका कृषि तथा घरायसी सामग्री निर्माण गरी गाउँ-गाउँ पुगेर बिक्री गर्दै आएका छन्। सहज जीवनयापनको खोजीमा पहाडबाट तराई झर्नेहरूको संख्या पछिल्ला वर्षमा बढ्दो छ।

यसैगरी, परिस्थितिमा बझाङको बुँगलका शङ्कर पनि जीविकोपार्जनको नयाँ सम्भावना खोज्दै परिवारसहित कञ्चनपुर झरेका हुन्। तराईमा आएपछि उनले नयाँ पेसा रोजेनन्, बरु पुर्खौंदेखि गर्दै आएको धातुजन्य सामग्री निर्माण गर्ने परम्परागत सीपलाई नै जीवनयापनको आधार बनाएका छन्। हाल उनी फुलेलीमा करिब डेढ कट्ठा जग्गामा कच्ची घर बनाएर बस्दै आएका छन्।

घरकै छेउमा सानो आरन सञ्चालन गरेर शङ्करले विभिन्न प्रकारका कृषि तथा घरायसी प्रयोगका सामान बनाउने काम गर्दै आएका उनले आरनमा फलाम तताएर पिट्दै विभिन्न आकारका सामग्री तयार गर्छन्।

शङ्करले किसानलाई आवश्यक पर्ने हँसिया, बन्चरो, चक्कु, दाउ, माना, पाथीलगायतका कृषि औजार बनाउने गर्छन्। घरायसी प्रयोगका लागि कडाही, पानी बोक्ने फोला, चरु, कुडीलगायतका सामान पनि आरनमै तयार हुन्छन्। आरनमा तयार गरेका सामग्री स्थानीय बासिन्दाका घरघरमा पुगेर उनले बिक्री गर्छन्।

शङ्करका अनुसार पहाडमा बस्दा आरनमा बनाइने सामानको राम्रो माग थियो। गाउँका किसान र सर्वसाधारणले स्थानीय रूपमा बनाइएका बलिया र टिकाउ सामान प्रयोग गर्न रुचाउँथे। तर पछिल्लो समय बजारमा कारखानामा बनेका सस्ता र सजिलै पाइने सामान बढ्दै जाँदा परम्परागत आरन पेसा सङ्कटमा परेको उनको भनाइ छ।

'पहाडमा बस्दा हामीले बनाएका सामान सजिलै बिक्री हुन्थे,' उनले विगत सम्झँदै भने, 'हामीले बनाउने सामान बलियो र टिकाउ हुन्छन्, तर बजारमा रेडिमेड सामान सजिलै पाउन थालेपछि ग्राहक खोज्नै गाह्रो हुन थाल्यो।'

पहाडमा आरनमा बनाइने सामानको माग घट्दै गएपछि उनी जीविकोपार्जनको खोजीमा तराई झरेका हुन्। तराईमा बजार ठूलो हुने र सामान सजिलै बिक्री हुने अपेक्षा गरेका भए पनि यहाँको वास्तविकता भने फरक देखिएको उनी बताउँछन्।

'यहाँ बजार त ठूलो छ,' शङ्करले भने, 'तर कारखानामा बनेका सस्ता सामान धेरै पाइन्छन्, हामीले हातैले धातुलाई पिटेर बनाउने सामान बनाउन धेरै मेहनत लाग्छ, त्यसैले लागत पनि बढी पर्छ।'

'आरनको काम निकै मेहनतिलो हुन्छ, फलामलाई आगोमा तताएर हथौडाले पिट्दै आवश्यक आकार दिनुपर्छ,' उनी भन्छन्, 'त्यसपछि धार लगाउने, घिसार्ने र प्रयोगयोग्य बनाउने प्रक्रिया हुन्छ, यो काममा शारीरिक श्रम र अनुभव दुवै आवश्यक पर्छ।'

सामान तयार भएपछि शङ्करले श्रीमतीसँगै ती सामान टाउकोमा बोकेर गाउँ-गाउँ पुगेर बिक्री गर्छन्। कहिलेकाहीँ धेरै टाढासम्म पैदल हिँडेर पनि सामान बेच्न जानुपर्ने हुन्छ। आरनमा तयार पारिएका धातुका सामान बिक्री गरेर लुहारले महिनामा करिब रु १० हजारदेखि रु ३० हजारसम्म आम्दानी गर्ने गरेका छन्। तर यो आम्दानी स्थिर भने नहुने गरेको उनको अनुभव रहेको छ। ग्राहक कम हुँदा आम्दानी निकै घट्ने गरेको उनी बताउँछन्।

'कहिलेकाहीँ ग्राहकले सामान नै किन्दैनन्, बिक्री हुँदैन,' शङ्करले भने, 'त्यस्तो बेला थोरै कमाइमै चित्त बुझाउनुपर्छ, यही कामबाट आउने पैसाले घरको चुलो बलिरहेको छ, बालबालिका र जहान पालिएका छन्।'

यस काममा शङ्करलाई उनकी श्रीमती किर्रा लुहारले पनि साथ दिँदै आएकी छन्। सामान तयार भएपछि उनीहरू दुवै जना गाउँ-गाउँ पुगेर बिक्री गर्छन्। किर्राका अनुसार कतिपय ठाउँमा सामान नगदमा बिक्री हुन्छ भने कतिपय ठाउँमा अझै पनि साटासाट (विनिमय) प्रणाली प्रचलनमा छ।

'कहिलेकाहीँ नगद पाइन्छ,' किर्राले भनिन्, 'तर कतिपयले अन्न वा बाख्रासँग साटेर सामान लिन्छन्, त्यसैले हामी दुवै जना सँगै जानुपर्छ।' लुहार दम्पतीका पाँच छोरा र दुई छोरी छन्। उनीहरूले आरन चलाएरै कमाएको पैसाले दुई छोरा र एक छोरीको विवाह सम्पन्न गरेका छन्। परिवारको अधिकांश खर्च यही पेसाबाट आएको आम्दानीले धानिएको उनी निसङ्कोच बताउँछन्। तर, पछिल्लो समय आरनबाट मात्रै परिवार धान्न गाह्रो भएपछि उनका एक छोरा रोजगारीका लागि भारत गएका छन्।

'यो काममा मेहनत धेरै छ, कमाइ कम,' शङ्करले भने, 'त्यसैले नयाँ पुस्ता यो पेसामा बस्न चाहँदैन।' उनी भन्छन्, 'सरकारले आरन सुधारका लागि आधुनिक मेसिन तथा उपकरण अनुदानमा उपलब्ध गराए काम गर्न निकै सहज हुने थियो।'

'मेसिन भए काम छिटो हुन्छ श्रम कम गर्नुपर्ने हुन्छ,' शङ्करले भने, 'लागत पनि घट्छ र बजारसँग प्रतिस्पर्धा गर्न सकिन्छ।' तर अहिलेसम्म कुनै सरकारी निकाय वा सम्बन्धित संस्थाले परम्परागत पेसा जोगाउने कार्यमा लागेकाहरूको अवस्था बुझ्न चासो नदेखाएको उनले गुनासो गरे।

'आफ्नै पौरख गरेर कमाउनेलाई कसैले हेर्दैन,' शङ्करले भने, 'हाम्रो सीपलाई जोगाउन सरकारले सहयोग गरिदियो भने राम्रो हुन्थ्यो।'

शङ्करका अनुसार अहिलेको नयाँ पुस्ताले परम्परागत पेसा छोडेर अन्य रोजगारी खोज्न थालेका छन्। कम आम्दानी र धेरै श्रमका कारण युवापुस्ताले आरनको काममा चासो देखाउन छाडेका छन्।

शुक्लाफाँटा नगरपालिका-८ का वडा सदस्य लालबहादुर महराले वडामा रहेका आरन सुधारका काम भइरहेको जानकारी दिए।

उनका अनुसार शङ्कर लुहारको परिवार वडामा आएको डेढ वर्ष मात्रै भएकाले आगामी दिनमा आरन सुधारका लागि सहयोग गर्ने योजना बनाइनेछ। 'वडामा रहेका धेरै आरन सुधारका कार्यक्रम सञ्चालन भइरहेका छन्,' महराले भने, 'लुहार परिवारका लागि पनि आगामी दिनमा सहयोग गर्ने प्रयास गरिनेछ।'

परम्परागत सीप र श्रममा आधारित आरन पेसा अहिले आधुनिक उद्योग र बजार प्रतिस्पर्धाबिच अस्तित्व जोगाउन सङ्घर्षरत छ। शङ्कर लुहार जस्ता कारिगरहरूको सीप संरक्षण गर्न सकेमा स्थानीय उत्पादन, परम्परागत ज्ञान र ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउन सकिने सरोकारवाला बताउँछन्।

## देवघाट गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**देवघाट, तनहुँ**
**गण्डकी प्रदेश, नेपाल**

## आर्थिक प्रस्ताव सम्बन्धमा

सूचना प्रकाशन मिति : २०८२/११/२७

प्रस्तुत बिषयमा यस गाउँपालिकाको कार्यालयको Construction Of Kalinadi Gopitar Kota Water Lifting Project (DRM/NCB/WORKS/LI/06/2082/083) निर्माण कार्यको लागि ई-बिडिङ मार्फत मिति २०८२/०९/२८ मा बोलपत्र आह्वान गरी मिति २०८२/१०/२८ को १२:०० बजेसम्म पर्न आएका विभिन्न २ वटा बोलपत्रदाताहरूले पेश गरेका बोलपत्रको प्राविधिक मुल्याङ्कनमा सफल १ वटा फर्मको आर्थिक प्रस्ताव मिति २०८२/१२/०४ गते दिनको १:०० बजे खोलिने व्योहोरा सम्बन्धित सबै मा जानकारी गरिन्छ।

**प्राविधिक मुल्याङ्कनमा सफल भएका फर्महरू:**

| ठेक्का नं | फर्मको नाम |
|---|---|
| 1 | ADB / LAHURE KAILA J.V. SHUKLAGANDAKI MUNCIPALITY - 04, TANAHUN, NEPAL |

**प्रमुख प्रशासकीय अधिकृत**

## LAHAN MUNICIPALITY
## OFFICE OF MUNICIPALE EXECUTIVE
### LAHAN, SIRAHA
### MADHESH PROVINCE, NEPAL

## INVITATION FOR BIDS

**First Date of Publication: 29-11-2082 (13th March 2026)**

1. Lahan Municipality invites Open Competitive Bidding (Single Stage Double Envelope Tender) from eligible bidders for the following contracts as mentioned below under National Competitive Bidding procedures:

| S. N. | Contract Identification No | (Description) | Bid Security Amount (NRs) | Bid Validity Period | Bid Document Fee (NRs.) | Minimum Average Annual Construction Turnover. | Contracts of Similar Size and Nature. | Bid Capacity |
|---|---|---|---|---|---|---|---|---|
| 1 | LMUN-W25-NCB-2082-83-30 | Upgrading and Beautification of Lahan CBA (Road No. 1, Road No. 2 and Durga Mandir Area) at Lahan Municipality | 24,70,000.00 | 120 | 10000.00 | 13,69,09,000.00 | 5,47,64,000.00 | 7,30,18,000.00 |

2. Eligible bidders may obtain further information and inspect the Bidding Documents at the office of Lahan Municipality, Lahan (Siraha) or may visit PPMO e-GP system ***www.bolpatra.gov.np/egp.***
3. **Information to deposit the cost of bidding document in Bank:**
   Name of Bank: Nepal Bank Ltd., Lahan (Siraha)
   Name of office: Lahan Municipality, Lahan (Siraha)
   Office Account No.: 03603000001001000001
4. Interested bidders should submit electronic bids through PPMO's e-GP system ***www.bolpatra.gov.np/egp*** only on or before **04-12-2026 A.D, 12:00 noon**. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Operating Guideline, 2080 and User manuals issued by PPMO which are available in e-GP system. Bids received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on **04-12-2026 A.D A.D, 2:00 PM** at the office of Lahan Municipality, Lahan. Bids must be valid for a period of days as mentioned in the table above after bid opening and must be accompanied by a bid security, amounting to a minimum as mentioned in the table above which shall be valid for 30 days beyond the validity period of the bid. The scanned copy of the bid security in pdf format should be uploaded in the e-GP system during bid submission.
5. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement (Twelfth Amendment) Rules.
6. Any amendments in the tender notice shall be published in the e-procurement section.
7. If the Office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bids should comply in all respects with the Instruction to Bidder included in the Bid Document. Non-compliance with this instruction shall result in disqualification. Lahan Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

# जेनजी आन्दोलनदेखि निर्वाचन परिणामसम्म : परिवर्तनको सन्देश र सुशासनको चुनौती



अधिवक्ता वसन्त गौतम

नेपालको समकालीन राजनीतिक र सामाजिक परिवेशमा पछिल्लो समय देखिएका घटनाक्रमहरूले राज्य व्यवस्था, लोकतन्त्रको गुणस्तर, मानव अधिकारको अवस्था र कानुनी शासनका सवालहरूलाई पुनः बहसको केन्द्रमा ल्याएका छन् । विशेषगरी युवापुस्ताबाट उठेको जेनजी आन्दोलन र त्यसपछि सम्पन्न प्रतिनिधिसभाको निर्वाचनले नेपाली समाजमा परिवर्तनको चाहना बलियो हुँदै गएको संकेत दिएका छन् । यी दुई घटनाक्रमले जनताको असन्तुष्टि, विकृत राजनीतिक प्रणालीप्रतिको अविश्वास र सुशासनप्रतिको तीव्र मागलाई उजागर गरेका छन् ।

नेपालमा देखिएको जेनजी आन्दोलन मूलतः नयाँ पुस्ताको निराशा, असन्तुष्टि र परिवर्तनको आकांक्षाबाट उत्पन्न भएको आन्दोलन हो । सामाजिक सञ्जालमार्फत सक्रिय रहने युवाहरूले देशमा बढ्दो भ्रष्टाचार, बेरोजगारी, राजनीतिक दलहरूको आन्तरिक लोकतन्त्रको अभाव, सार्वजनिक सेवामा हुने ढिलासुस्ती तथा राज्य संयन्त्रप्रतिको अविश्वासका कारण आन्दोलनको स्वरूप दिएका थिए । युवा पुस्ताले राज्य सञ्चालनमा पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना, गुणस्तरीय शिक्षा, प्रभावकारी स्वास्थ्य सेवा र नागरिकमैत्री शासन प्रणालीको माग उठाएका थिए । यस आन्दोलनले विशेषगरी नयाँ पुस्ताले परम्परागत राजनीतिक अभ्यासप्रति असन्तुष्टि व्यक्त गर्दै वैकल्पिक राजनीतिक संस्कृतिको खोजी गरिरहेको संकेत गरेको थियो ।

यद्यपि आन्दोलनको मूल स्वरूप शान्तिपूर्ण भए पनि हिंसात्मक भयो । आन्दोलनमा अत्यधिक बल प्रयोग र कतिपय स्थानमा प्रदर्शनकारी र प्रहरीबीच झडपका घटनाहरू भएका थिए । आन्दोलनका क्रममा बल प्रयोग, गिरफ्तारी तथा प्रदर्शनकारीमाथि भएको क्रूर व्यवहारका कारण मानव अधिकार उल्लंघनका प्रश्नहरू पनि उठेका छन् । नागरिकलाई शान्तिपूर्ण रूपमा विरोध प्रदर्शन गर्ने अधिकार लोकतन्त्रको सुन्दर पक्ष हो । त्यसैले यस्ता आन्दोलनका क्रममा राज्य संयन्त्रले संयमित, आवश्यकताअनुसार मात्र कानुनसम्मत बल प्रयोग र मानव अधिकारको सम्मान गर्ने ढंगले व्यवहार गर्नु अत्यन्त आवश्यक हुन्छ । यदि आन्दोलनको व्यवस्थापनमा संवाद र सहकार्यको मार्ग अवलम्बन गरिएन भने नागरिक र राज्यबीचको विश्वास कमजोर हुन सक्छ, जसले दीर्घकालीन रूपमा लोकतान्त्रिक संस्थाहरूलाई कमजोर बनाउने खतरा पनि रहन्छ ।

यही राजनीतिक र सामाजिक पृष्ठभूमिमा सम्पन्न भएको प्रतिनिधिसभाको निर्वाचनले नेपाली राजनीतिमा नयाँ सन्देश दिएको छ । निर्वाचन परिणामले जनतामा परिवर्तनको चाहना रहेको स्पष्ट देखाएको छ । लामो समयदेखि राजनीति र शासन व्यवस्थामा प्रभावशाली भूमिका खेल्दै आएका परम्परागत दलहरूले अपेक्षित रूपमा जनताको विश्वास कायम राख्न नसकेको सन्देश मत परिणामबाट देखिएको छ । जनताले मतदान मार्फत राजनीतिक दलहरूलाई आफ्नो कार्यशैली सुधार गर्न र जनअपेक्षाअनुसार काम गर्न स्पष्ट चेतावनी दिएका छन् ।

निर्वाचन परिणामले परम्परागत राजनीतिक दलहरूलाई गम्भीर आत्मसमिक्षा गर्न बाध्य बनाएको छ । लामो समयदेखि सत्तामा रहेका दलहरूले सुशासन कायम गर्न नसकेको, भ्रष्टाचार नियन्त्रणमा प्रभावकारी भूमिका खेल्न नसकेको तथा जनताको दैनिक जीवनसँग सम्बन्धित समस्याहरू समाधान गर्न असफल भएको भन्ने आलोचना जनस्तरमा बढ्दै गएको थियो । मतदाताले दिएको यो परिणाम वास्तवमा राजनीतिक दलहरूलाई सुधारको अवसर पनि हो । यदि दलहरूले जनताको सन्देशलाई गम्भीरतापूर्वक ग्रहण गरेनन् भने आगामी दिनमा उनीहरूको जनसमर्थन अझ कमजोर हुने सम्भावना पनि रहन्छ ।

यस निर्वाचनमा विशेषगरी राष्ट्रिय स्वतन्त्र पार्टीले प्राप्त गरेको सफलता नेपाली राजनीतिमा नयाँ संकेतका रूपमा हेरिएको छ । छोटो समयमै जनताको समर्थन प्राप्त गर्न सफल भएको यस दलप्रति नागरिकहरूले ठूलो अपेक्षा राखेका छन् । जनताले यसलाई परम्परागत राजनीतिक संस्कृतिबाट अलग नयाँ विकल्पका रूपमा हेरेका छन् ।

भ्रष्टाचार नियन्त्रण, पारदर्शी शासन, सेवा प्रवाहमा सुधार तथा जवाफदेही राजनीतिक संस्कार विकास गर्ने विषयमा यस दलले उठाएका मुद्दाहरूले नागरिकमा आशा जगाई सोही विश्वासमा मतदान गरेका हुन । छोटो समयमै युवाको मन जित्दै आफ्नो छुट्टै पहिचान बनाउन सफल बालेन शाहको क्रेजका कारणले पनि रास्वपाले जनमत बटुल्न सफल भएको हो । तर निर्वाचनमा प्राप्त समर्थनलाई रास्वपाले व्यवहारिक उपलब्धिमा रूपान्तरण गर्नु नै अब सबैभन्दा ठूलो चुनौती हुनेछ । आफू सरकारबाहिर हुँदा गरेका वाचा उसले कति पूरा गर्न सक्छ यसमा उसको राजनीतिक भविष्य निर्धारण गर्नेछ ।

नयाँ सरकार गठन भएपछि सबैभन्दा पहिले नवनिर्वाचित सरकारले जनजीवनसँग प्रत्यक्ष सम्बन्धित विषयहरूलाई प्राथमिकतामा राख्न आवश्यक छ । स्वास्थ्य सेवा, कृषि विकास, शिक्षा सुधार, रोजगारी सिर्जना तथा युवामैत्री कार्यक्रमहरू सरकारको प्रमुख प्राथमिकता बन्नुपर्छ । विशेषगरी युवाहरूको ठूलो संख्या रोजगारीका लागि विदेश पलायन भइरहेको अवस्थामा देशमै अवसर सिर्जना गर्ने नीति र कार्यक्रम आवश्यक देखिन्छ । कृषि क्षेत्रमा आधुनिकीकरण, उत्पादन वृद्धि र बजार व्यवस्थापनमार्फत ग्रामीण अर्थतन्त्रलाई सुदृढ बनाउने प्रयास गर्नुपर्ने आवश्यकता पनि उत्तिकै महत्वपूर्ण छ ।

नेपालमा मानव अधिकारको संरक्षण र कानुनी शासनको सुदृढीकरण अझै चुनौतीपूर्ण विषय बनेको छ । नेपालमा दण्डहीनताको संस्कृति व्याप्त छ । कानुन सबैका लागि समान रूपमा लागू हुने वातावरण बनाउन सके मात्र नागरिकमा राज्य प्रतिको विश्वास बलियो हुन सक्छ । मानव अधिकार उल्लंघनका घटनाहरूको निष्पक्ष छानबिन, दोषीलाई कानुनी कारबाही र पीडितलाई न्याय सुनिश्चित गर्ने प्रणाली सुदृढ बनाउनु अत्यन्त आवश्यक छ ।

यसैगरि सरकारी सेवा प्रवाहको क्षेत्रमा पनि व्यापक सुधार आवश्यक देखिन्छ । धेरै नागरिकहरूले सरकारी सेवा लिनका लागि झन्झट, ढिलासुस्ती र अनावश्यक प्रक्रियाको सामना गर्नुपरेको गुनासो गर्दै आएका छन् । डिजिटल प्रविधिको प्रयोग, प्रशासनिक सुधार तथा पारदर्शी सेवाप्रणालीमार्फत नागरिकलाई सहज र गुणस्तरीय सेवा उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ । राज्यका सेवा नागरिकमैत्री बन्न सके मात्र लोकतान्त्रिक शासनको वास्तविक अनुभूति नागरिकले गर्न सक्छन् ।

नेपालको सशस्त्र द्वन्द्व अन्त्य भएको लामो समय बितिसक्दा पनि धेरै द्वन्द्वपीडितहरूले अझै न्यायको अनुभूति गर्न सकेका छैनन् । सत्य तथ्य सार्वजनिक गर्ने, पीडितलाई न्याय प्रदान गर्ने र दोषीलाई कानुनी दायरामा ल्याउने काम राज्यको दायित्व हो । विगतमा भएका मानव अधिकार उल्लंघन र ज्यादतीका घटनाहरूको निष्पक्ष छानबिन गरी सम्बन्धित आयोगहरूले तयार पारेका प्रतिवेदनहरू सार्वजनिक गर्नु र तिनको प्रभावकारी कार्यान्वयन गर्नु अत्यन्त आवश्यक छ । विगतमा राजनीतिक भागबण्डाका आधारमा नाम मात्रका आयोग बन्ने र तिनले पीडितको विश्वास जित्न समस्या रह्यो । नयाँ सरकारले पीडितमैत्री कानुन र आयोग निर्माण गरि पीडितहरूमा न्यायको अनुभूति दिलाउन आवश्यक कदम चाल्नु पर्दछ ।

राज्य संयन्त्रमा आवश्यक संस्थागत सुधार पनि आजको प्रमुख आवश्यकता बनेको छ । विशेषगरी न्याय क्षेत्रमा देखिएका विकृति विसंगति, दलीय भागबण्डाका आधारमा न्यायाधीश नियुक्ति, अनावश्यक ढिलासुस्ती, प्रभाव र पहुँचको आधारमा हुने निर्णय, तथा भ्रष्टाचारका घटनाहरूले न्याय प्रणालीप्रतिको विश्वास कमजोर बनाएको छ । न्याय प्रणालीलाई पारदर्शी, निष्पक्ष र प्रभावकारी बनाउन न्यायिक प्रशासनको सुधार, उत्तरदायित्वको सुनिश्चितता तथा भ्रष्टाचार नियन्त्रणका लागि कडा कदम चाल्नु आवश्यक छ ।

अन्ततः लोकतान्त्रिक शासनको मूल उद्देश्य नागरिकलाई अधिकार, सुरक्षा र सम्मानपूर्ण जीवन सुनिश्चित गर्नु हो । सुशासन, भ्रष्टाचार नियन्त्रण, कानुनी शासनको सुदृढीकरण र दण्डहीनताको अन्त्यबिना लोकतन्त्र बलियो हुन सक्दैन । सरकार, राजनीतिक दल, नागरिक समाज र आम नागरिक सबैले आ-आफ्नो जिम्मेवारी निर्वाह गर्दै लोकतन्त्रलाई सुदृढ बनाउन भूमिका खेल्नुपर्छ ।

जेनजी आन्दोलनले उठाएको असन्तुष्टि र प्रतिनिधिसभाको निर्वाचनले दिएको सन्देशलाई गम्भीर रूपमा ग्रहण गर्दै राज्यले सुशासन, मानव अधिकार संरक्षण र नागरिकमैत्री सेवा प्रणालीको विकास गर्न सके मात्र नेपाली लोकतन्त्रप्रति जनताको विश्वास अझ बलियो हुनेछ । नेपालको समृद्ध र न्यायपूर्ण भविष्यका लागि यही मार्ग नै सबैभन्दा आवश्यक देखिन्छ ।

नेपालको लोकतान्त्रिक अभ्यासमा विगतका निर्वाचनहरूले जनताको अपेक्षा र उनीहरूको असन्तुष्टिलाई स्पष्ट रूपमा अभिव्यक्त गर्दै आएका छन् । २०६४ सालको संविधानसभा निर्वाचन तथा त्यसपछिका निर्वाचनहरूमा नेपाली जनताले कम्युनिष्ट शक्तिहरूलाई अत्यधिक विश्वास गर्दै बहुमत मात्र होइन, झण्डै दुईतिहाइसम्मको जनादेश दिएका थिए । त्यो जनादेश केवल सत्ता प्राप्तिका लागि मात्र नभई देशमा सुशासन, स्थायित्व, विकास र जनअपेक्षा अनुसारको परिवर्तन ल्याउने आशासहित प्रदान गरिएको थियो । तर दुर्भाग्यवश, सत्तामा पुगेपछि ती दलहरू जनअपेक्षा पूरा गर्न पर्याप्त रूपमा सफल हुन सकेनन् ।

विपक्षमा रहँदा चर्का र आकर्षक नाराहरू प्रस्तुत गर्ने, जनतामाझ परिवर्तनको ठूला सपना देखाउने तर सत्तारोहण पछि आन्तरिक विवाद, गुटबन्दी र व्यक्तिगत तथा दलगत स्वार्थमा अल्झिने प्रवृत्तिले जनविश्वासलाई कमजोर बनायो । दशकौँसम्म उही अनुहार, उही शैली र उही राजनीतिक संस्कृतिबाट निराश र दिक्क भएका नेपाली जनताले अन्ततः आफ्नो असन्तुष्टि मतमार्फत व्यक्त गरेका छन् । हालै सम्पन्न निर्वाचन परिणामले पनि जनताले ती दलहरूलाई कस्तो राजनीतिक दण्ड दिएका छन् भन्ने स्पष्ट संकेत गरेको छ ।

यस परिप्रेक्ष्यमा, अहिले उदाउँदै गरेका नयाँ राजनीतिक शक्तिहरूका लागि यो परिणाम एक महत्वपूर्ण पाठका रूपमा लिनुपर्ने देखिन्छ । विशेषगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)जस्ता नयाँ दलहरूले यदि जनमत, जनभावना र जनअपेक्षाको सम्मान गर्न सकेनन् भने उनीहरूको भविष्य पनि परम्परागत दलहरू–काँग्रेस, एमाले वा माओवादजस्तै बन्न सक्ने सम्भावनालाई नजरअन्दाज गर्न सकिँदैन । त्यसैले जनताको विश्वासलाई जोगाइराख्न र लोकतन्त्रलाई सुदृढ बनाउन नवनिर्वाचित सरकार तथा राजनीतिक नेतृत्वले समयमै सचेत हुँदै जनमुखी नीति, पारदर्शिता, सुशासन र उत्तरदायित्वपूर्ण शासन अभ्यासलाई प्राथमिकतामा राख्न अत्यन्त जरुरी छ ।

यदि जनताको अपेक्षा, अधिकार र भावनाको सम्मान गर्दै काम गर्न सकियो भने मात्र लोकतन्त्रप्रतिको विश्वास बलियो बन्नेछ र देशले वास्तविक परिवर्तनको अनुभूति गर्न सक्नेछ । अन्यथा इतिहासले देखाइसकेको छ– जनताले दिएको जनादेश जति सजिलै प्राप्त हुन्छ, असन्तुष्टिको अवस्थामा त्यति नै छिटो फिर्ता पनि हुन सक्छ ।

# मध्यपूर्व युद्ध र नेपालमा पर्नसक्ने आर्थिक प्रभाव



रिसव गौतम



पश्चिम एसियाको इस्लामिक गणतान्त्रिक देश इरानमा फेब्रुअरी २८, २०२६ का दिनबाट सुरु भएको युद्धको क्रममा अहिलेसम्म एक हजार २५० भन्दा बढी मानिसले ज्यान गुमाइसकेका छन् ।

अन्तरराष्ट्रिय समाचार संस्था एलजजीरा न्युजले मार्च ९ मा प्रकाशित गरेको समाचारअनुसार अमेरिका, इजराइल र इनरानबीच भएको युद्धका क्रममा सोमबारसम्म एक हजार २५० जनाको मृत्यु भएको उल्लेख छ । युद्ध इरान र इजराइलमा मात्र सीमित नरहेर खाडीका सबैजसो देशहरूमा फैलिसकेको छ । मध्यपूर्वमा फैलिएको युद्धलाई लिएर अहिले विश्वभर चिन्ता बढिरहेको छ । खासगरी अन्तरराष्ट्रिय बजारमा कच्चा तेल तथा प्राकृतिक ग्यासको भाउ बढ्दा अरू सबै उपभोग्य वस्तुहरूमा महँगी बढ्न थालेको छ ।

युद्ध सुरु भएको पहिलो दिनमै धार्मिक कट्टरपन्थी तथा इरानका सर्वोच्च नेता आयोतुल्लाह अलि खामेनीसहित इरानका ४० बरिष्ठ अधिकारीहरू मारिएका थिए । अहंकारी तथा युद्धको पक्षपोषक भनेर चिनिए पनि कुनै अर्को देशको आन्तरिक मामलामा हस्तक्षेप गरेर राष्ट्र प्रमुखलाई नै हत्या गरिएपछि त्यसको विश्वभर अनेक टिप्पणी भइरहेका छन् ।

खासगरी उदयीमान तथा अमेरिकापछिको शक्तिशाली देश चीन तथा रसियाले त्यसको कडा आलोचना गरेका छन् । यद्यपि, आलोचना शान्ति भडकाउने नभई कुटनीतिक एवं सौम्य देखिन्छ । उनीहरूले सो युद्धमा आफैं सहभागी हुने गरी चेतावनी भने दिएका छैनन् । भारत तथा चीनलगायत देशहरू मध्यपूर्वमा भएको युद्धमा सहभागी देशहरूलाई सम्झाउने र बार्तामार्फत हल गर्ने भूमिकामा छन् ।

इरानमाथि इजराइल तथा अमेरिकाले कडा सैन्य कारबाही थालेपछि त्यसको बाछिटा साउदी अरेयिबा, संयुक्त अरब इमिरेटस्, कतार, बहराइन, कुबेत र जोर्डनसम्म फैलिएको छ । खासगरी ती देशहरूमा रहेका अमेरिकी सैन्य अड्डाहरूमा इरानले हमला गरेका समाचार छन् । इजराइल तथा इरानबीचको द्वन्द्वमा अहिले लेबलान, अमेरिका, साउदी अरेबिया, संयुक्त अरब इमिरेटस्, कतार, बहराइन, कुबेत र जोर्डन गरी १० वटा देश प्रत्यक्ष रूपमा प्रभावित छन् ।

खासगरी इरानले घुँडा नटेकी, सत्ता परिवर्तन नभई तथा आणविक भट्टीहरू ध्वस्त नगरी युद्ध नछोड्ने खालका संकेत अमेरिकी राष्ट्रपतिले दिइसकेका छन् । उनले युद्ध अझै केही दिनसम्म लम्बिनसक्ने सङ्केत समेत गरेका छन् ।

संसारमा अहिले साना तथा गरिब देशहरू युद्धबाट बढी प्रताडित छन् । एकातिर युद्धका कारण धनी देशहरूबाट उनीहरूले पाइरहेका अनुदान तथा सहयोग घटिरहेको छ भने अर्कोतिर ब्यापक महँगी, अभाव र विश्वव्यापी आर्थिक असन्तुलनको मार उनीहरूले नै खेपिरहेका छन् ।

त्यसमाथि यस्ता खालका क्षेत्रीय तथा विश्व युद्धहरूमा गरिब तथा विपन्न देशका मानिसहरू युद्धमा प्रयोग भइरहेका छन् । व्यापक आर्थिक प्रलोभन र प्रभावमा धनी देशका युद्ध उन्मादको शिकार भइरहेका छन् । जस्तो विगत चार वर्षयतादेखि चलिरहेको रुस र युक्रेन युद्धमा सहभागी थुप्रै नेपालीले अकालमै ज्यान गुमाएका छन् । नेपाली मात्र होइन, कयौं त्यस्ता गरिब देशका नागरिकहरू युद्धमा सिपाई भएर होमिएका छन् । मारिने उनीहरू नै बढ्ता छन् । धनी देशहरूको पैसा मात्र मरिरहेको छ तर युद्ध र अशान्तिमा मारिनेहरू पनि गरिवहरू नै धेरै छन् ।

इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर (आइआरसी)ले जनाएअनुसार उसको ‘टुथफुल प्रोसिस ४’ अभियानअन्तर्गत अमेरिका इजराइल आक्रमणको प्रतिकारस्वरूप खाडी देशहरूमा रहेका अमेरिकी सैन्य अड्डा र सम्पत्ति माथि प्रहार गरिएको छ ।

अमेरिका तथा इजराइलको लगातारको प्रहारपछि आत्मरक्षाका लागि सबै सैन्य उपायहरूको प्रयोग गरिएको इरानी विदेश मन्त्रालयको दाबी छ । युद्ध रोकिने वा रोक्ने भन्दा चर्कने तथा चर्काउने खालका गतिविधिहरू ब्यापक भइरहेका छन् । यसले विश्वव्यापी रूपमा गरिब तथा श्रम निर्यातक देशहरू बढी प्रताडित हुने देखिएको छ ।

**नेपाललाई असर**

विश्वव्यापी महँगी, अभाव तथा आर्थिक असन्तुलनमा मध्यपूर्वको युद्धले कुन हदसम्म असर गर्ने हो यकिन छैन । खासगरी नेपालजस्ता श्रम निर्यातक देशहरू त्यसको प्रत्यक्ष मारमा पर्ने देखिन्छ । अहिले नै संयुक्त अबर इमिरेट्समा कार्यरत एक नेपालीले त्यहाँको अन्तर्राष्ट्रिय विमानस्थलमा ड्रोन निष्क्रिय पार्ने क्रममा ज्यान गुमाइसकेका छन् । भोलिका दिनहरूमा त्यस्ता घटनाहरू नदोहोरिएला भन्न सकिन्न ।

यदि कथंकदाचित युद्ध लम्बदै गयो र ती देशहरू पनि युद्धमा सहभागी हुन थाले भने खाडीमा कार्यरत धेरै नेपालीले रोजगारी समेत गुमाउनुपर्ने अवस्था सिर्जना हुनसक्छ । खाडी देशहरूमा १९ लाख हाराहारी नेपाली रोजगार छन् । उनीहरूले पठाएको रेमिट्यान्सको कारण देशको अर्थतन्त्र चलिरहेको छ । नेपालमा पछिल्ला दशक जे जति गरिबी घटेको छ, जे जति आर्थिक उन्नति भएको छ, त्यसमा खाडीमा कार्यरत नेपालीहरूको योगदान धेरै छ । अहिले नेपालमा वार्षिक १७ खर्ब रेमिट्यान्स भित्रन थालेको छ । त्यसमा ५० प्रतिशत ज्यादा खाडीमा पसिना बगाउनेहरूको योगदान रहेको छ । त्यसकारण मध्यपूर्वमा युद्ध फैलँदा र त्यो लामो समयसम्म जारी रहने अवस्था रहँदा त्यसको असर नेपालीको भान्सासम्म आइपुग्ने निश्चित छ ।

फेरि युद्धको प्रकृति बढो डरलाग्दो पनि हुन्छ । युद्ध सुरु हुन गाह्रो हो, फैलन गाह्रो हुन्न । फेरि युद्ध नशा पनि हो, एकाथरी बलशाली एवं शासक देशहरूका लागि । ती देशहरूको अत्याधिक ध्यान आणविक भट्टीहरू, हतियारहरू, आधुनिक हतियारहरू, बम तथा बारुद बनाउनेमा केन्द्रित रहने गर्दछ । त्यसकारण युद्ध न सजिलै सुरु हुन्छ न त सजिलै बिदा हुन्छ । यो तथ्यलाई बुझी हाम्रोजस्तो विपन्न देशहरूले कदम चाल्नुपर्छ ।

युद्धमा कसैको पनि पक्षधरता लिन जायज छैन । बरु शान्तिका लागि सकेको प्रयास गर्न सकिन्छ । त्यसभन्दा बढी आफना नागरिकहरू जो खाडीमा अथवा परदेशमा अथवा घरदेशमा छन्, तिनको रोजगारी, जिउ धनको सुरक्षा कसरी गर्न सकिन्छ, त्यसतर्फ हालै चुनावमार्फत नयाँ जनादेश पाएर बन्दै गरेको नयाँ सरकारले ख्याल गर्न जरुरी छ ।

खासगरी खाडीमा मडारिएको युद्धले विश्वयुद्धको रूप नलिओस् । त्यसैको कामना हाम्रो जस्तो देशले गर्न जरुरी छ । मूलतः चीन तथा अमेरिका गरी दुई धुर्बमा उन्मुख विश्व व्यवस्थामा चीनले शान्तिको लिक नछोडेसम्म क्षेत्रीय युद्धहरू भइरहे पनि विश्वयुद्ध हुने सम्भावना कम छ । यी देशहरूमा फैलने र चर्कने युद्धले त्यहाँ कार्यरत श्रमशक्तिहरूलाई मात्र असर गर्दैन । युद्ध जारी रहेको अवस्थामा कच्चा तेलको निर्यातमा ठूलो गिरावट आउँदा हाम्रो जस्तो इन्धनसहित धेरै कुरामा परनिर्भर देशहरूका लागि कठिनाइ पर्नेछ । अहिले नै इरानले साउदी अरेबियाको सबैभन्दा ठूलो कम्पनी ‘साउदी आराम्को’को रिफाइनरीमा हमला गर्दा सो रिफाइनरी बन्द भएको छ । त्यहाँ रहेका सबैभन्दा ठूला तेल डिपोहरू समेत युद्धमा खरानी भएका समाचारमा आएका छन् ।

इरानमा युद्ध चर्कदै गएपछि विश्व बजारमा कच्चा तेल र प्राकृतिक ग्यासको मूल्य समेत अचाक्ली बढिसकेको छ । गत सोमबार (मार्च ९) तारिकमा नै कच्चा तेलको मूल्यमा २४ प्रतिशत वृद्धि भई अन्तर्राष्ट्रिय बजारमा प्रतिब्यारेल ११५ डलर माथि पुगेको छ । दैनिक करिब १६ लाख ब्यारेल तेल निर्यात गर्ने इरानले निर्यात प्रभावित हुँदा विश्व अर्थतन्त्रमै असर गर्ने देखिन्छ । त्यसको बाछिटा नेपाल जस्तो परनिर्भर देशहरूमा झन् बढी पर्नेछ । विश्लेषकहरूले नै तेलको मूल्य लामो समयसम्म १०० डलर भन्दा माथि रहँदा विश्व अर्थतन्त्रमा गम्भीर दबाब पर्ने बताएका छन् । यस्तो अवस्थामा सबै उद्देश्य पूरा नहुँदासम्म युद्ध कायम रहने अमेरिकी राष्ट्रपतिले बताएका छन् ।

देशलाई आत्मनिर्भर नबनाई स्वदेशमै युवालाई रोजगारी र आर्थिक अवसर सिर्जना नगरी भूमण्डलीकृत विश्वमा नेपाल जस्ता देशहरूले यस्ता घटनाहरूको प्रताडना खेप्नुको कुनै गुन्जायस छैन् । युद्धका असरहरू बहुआयामिक छन् । जति धनीहरूलाई असर छ, त्यो भन्दा कयौं गुणा असर गरिब देशलाई पर्दछ । यस युद्धले नेपालको आर्थिक तथा सामाजिक अवस्थामा नै असर गर्ने देखिन्छ । युद्ध सुरु भएयता नेपालकै पनि अनगिन्ती अन्तर्राष्ट्रिय अडान रद्ध भएका छन् । मध्यपूर्वको युद्धले हाम्रो जस्तो श्रम निर्यातक एवं रेमिट्यान्समा निर्भर देशहरूलाई ठूलै झड्का लाग्ने सम्भावना छ । यसतर्फ सरकारले बढो सतर्कताका साथ आफ्ना नागरिकको सुरक्षा तथा उनीहरूको रोजगारीको सुनिश्चितका लागि विशेष योजना र नीति अख्तियार गर्नुपर्ने समय आएको छ ।

# जिम्मेवारी सकेर घर फर्के निर्वाचन प्रहरी

मिसन संवाददाता
*सुर्खेत, २८ फागुन*



फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि भर्ना गरिएका निर्वाचन प्रहरी बिदाइ भएका छन् ।

निर्वाचनमा शान्ति सुरक्षा व्यवस्थापनका लागि भर्ना भएका निर्वाचन प्रहरी बिहीबारदेखि औपचारिक रूपमा बिदा भएको जिल्ला प्रहरी कार्यालय सुर्खेतले जनाएको छ । खुलामञ्चमा एक औपचारिक कार्यक्रमको आयोजना गरी एक हजार ६२८ जना निर्वाचन प्रहरीको सामूहिक बिदाइ गरिएको हो ।

प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षा व्यवस्थापनमा निर्वाचन प्रहरीको महत्त्वपूर्ण भूमिका रहेको थियो । सबै निर्वाचन प्रहरीलाई प्रमाणपत्र वितरण गरेर बिदाइ गरिएको प्रहरीले जनाएको छ । निर्वाचनको लागि सुर्खेतमा माघ १८ गते एक हजार ६२८ जना निर्वाचन प्रहरी भर्ना भएका थिए ।

सुर्खेतका निमित्त प्रमुख जिल्ला अधिकारी डिलबहादुर कार्कीले बिदाइ कार्यक्रममा निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न हुनुमा निर्वाचन प्रहरीको सबैभन्दा महत्वपूर्ण योगदान रहेको बताए । ४० दिने कार्य अवधिमा सिकेको ज्ञान, सीप र तालिमले व्यक्तिगत तथा सामाजिक जीवनमा काम लाग्ने उनको भनाइ छ ।

सुरक्षा बलको तालिमले मेहनत, परिश्रम, अनुशासन र समय व्यवस्थापन सिकाएको कुराहरू दैनिक जीवनमा काम लाग्ने निर्वाचन प्रहरी कमला खड्काले बताइन् । आफ्नो जिम्मेवारी पूरा गरेर घर फर्किएका निर्वाचन प्रहरीले अबको स्थानीय तह र प्रदेशको निर्वाचनमा पनि अवसर दिन माग गरेका छन् ।

सुर्खेत प्रहरी प्रमुख एसपी सुधिरराज शाहीले राज्यले दिएको जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गरेकोमा निर्वाचन प्रहरीलाई धन्यवाद दिए । उनले आगामी प्रदेशसभा र स्थानीय तहको निर्वाचनमा पनि उनीहरूलाई सहभागी हुन आग्रह गरेका छन् ।

रासन भत्ता, पोशाक खर्च, तलब, परिचालन खर्च र खाजा खर्च गरेर ५२ हजार रकम बैंक खातामार्फत भुक्तानी भइसकेको प्रहरीले जनाएको छ । निर्वाचन प्रहरीलाई ४० दिन बराबरको पारिश्रमिक उपलब्ध गराइएको छ ।

# सुत्केरीको हेलिकप्टरमार्फत उद्धार

मिसन संवाददाता
*जुम्ला, २८ फागुन*

तिला गाउँपालिका-३ की १८ वर्षीया अस्मिता नेपालीलाई नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरिएको छ ।

फागुन २५ मा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा सुत्केरी भएकी अस्मिताको स्वास्थ्य अवस्था बिग्रदै गएपछि हेलिकप्टरबाट उद्धार गरिएको हो । उनले जन्माएको बच्चाको स्वास्थ्य अवस्था सामान्य छ । तर अस्मिताको स्वास्थ्य अवस्था जटिल भएपछि हेलिकप्टरबाट उद्धार गरिएको प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले जानकारी दिए । उनका अनुसार प्रसूति अवस्थामा जटिलता आएको र स्वास्थ्यमा सुधार नआएपछि प्रतिष्ठानको आइसीयूमा राखेर उपचार भइरहेको थियो । चिकित्सकले तत्काल सुविधायुक्त स्वास्थ्य निकायमा लैजानुपर्ने भनेपछि राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत हेलिकप्टरबाट कर्णाली प्रदेश अस्पताल सुर्खेतमा लगिएको हो ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लाका निर्देशक कमल थानीले बिरामीको अवस्था जटिल हुँदा रेफर गरिएको उनले बताए । उनका अनुसार बिरामीको मृगौला र फोक्सोमा समेत समस्या देखिएको छ ।

यसैबीच प्रतिष्ठान बिग्रिएको एक्स–रे मेसिन पनि सञ्चालनमा आएको उनले जानकारी दिए । उनका अनुसार मर्मतपछि प्रतिष्ठानको एक्स- रे मेसिन सञ्चालनमा आएको हो । भौगोलिक रूपमा विकट जुम्लासहित कर्णालीका विभिन्न जिल्लाबाट दैनिक चोटपटक लाग्ने, लड्ने र हड्डीका बिरामी प्रतिष्ठानको शिक्षण अस्पतालमा बढी आउने गर्छन् ।

प्रतिष्ठानको एक्स–रे मेसिन १९ फागुन रातिदेखि बिग्रेको थियो । एक्स–रे मेसिन मर्मतपछि सञ्चालनमा सेवाग्राहीलाई सहज हुने अपेक्षा गरिएको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाले जनाएको छ ।


## ठाकुरबाबा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, बर्दिया

### कृषि एम्बुलेन्समा साझेदारीका लागि आशयपत्र पेश गर्ने सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८२।११।२९ गते, ने.सं. ११४६ चिल्लागा नवमी, बिहिबार**

दिगो विकास तथा हरित अर्थतन्त्रको जिम्मेवारी, कृषिको रूपान्तरणमा हामी सबैको जिम्मेवारी नामक नवप्रवर्तन साझेदारी कोषको कार्यान्वयनमा प्रादेशिक कार्यक्रम सहयोग इकाई र यस नगरपालिकाबीच साझेदारीको सम्झौता भएको छ। यस परियोजनाबाट चिस्यान सहितको मासु तथा तरकारी ढुवानी सवारी साधन (कृषि एम्बुलेन्स) खरिद गर्ने समेत रहेको छ। यो सवारी साधन उपलब्ध भएमा स्थानीय कृषकहरूले पालेका पशपन्छीको मासु तथा तरकारी नजिकका बजारहरूमा समेत ढुवानी गरी बिक्री वितरण गर्न सहजता हुने र कृषकहरूको आयस्तरमा समेत वृद्धि हुने अपेक्षा रहेको छ । यसर्थ उक्त एम्बुलेन्सको लागत अनुमान बत्तीस लाख रूपैयाँ रहेको हुँदा सहकारी तथा फर्महरूले उक्त रकमको पैतीस प्रतिशत र समूहहरूले पच्चीस प्रतिशत रकम साझेदारी गर्न यस नगरपालिकामा रहेका ईच्छुक सहकारी संस्था/कृषि तथा पशुपन्छी समूह/कृषि तथा पशुपन्छी फर्मले मिति २०८२।१२।१५ भित्र देहाय बमोजिमका कागजातहरू संलग्न गरी आशयपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक कागजातहरू:**

१. आशयपत्र पेश सम्बन्धी निवेदन,
२. आशय पत्रको फाराम,
३. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा),
४. स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र,
५. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिबद्धता पत्र,
६. संयुक्त उपक्रममा कार्य गर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति,
७. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति,
८. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति,
९. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)
१०. विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण/व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण
११.प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।

**प्रमुख प्रशासकीय अधिकृत**


# एउटै घरका तीन छोरी बेपत्ता



मिसन संवाददाता
*रुकुम पश्चिम, २८ फागुन*

जिल्लामा सोमबार गरालागोठबाट भलखोला आफन्तको विवाहमा गएका एकाघरका तीन छोरी बेलुका घर फर्किएनन् ।

रातभर आफन्तकोमा खबर गरियो, छिमेकी गाउँमा सोधिखोजी गरियो । तर मंगलबार बिहान दुईजनाको शव सानीभेरी नदीको किनारमा फेला पर्‍यो । एक जना अझै बेपत्ता छिन् ।

जिल्लाको बाँफीकोट गाउँपालिका-३ गरालागोठबाट र मुसीकोट नगरपालिका-१ को भलखोलागाउँलाई सानीभेरी नदीले छुट्याएको छ । यही नदी तर्ने बेला उनीहरू बेपत्ता भएको अनुमान छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक (डिएसपी) बेदबहादुर पौडेलका अनुसार तीन किशोरी बाँफीकोट गाउँपालिका-३ निवासी पूर्णबहादुर ओली र नीराजन ओलीका छोरी हुन् । पूर्णबहादुर र नीराजन एकाघरका सहोदर (माइलो र साइँलो) दाजुभाइ हुन् । डिएसपी पौडेलले नीराजनका दुई छोरी १४ वर्षीय उर्मिला ओली र १२ वर्षीय कल्पना ओली नदी किनारमा मृत अवस्थामा फेला परेको जानकारी दिए ।

उर्मिला र कल्पना सहोदर दिदीबहिनी हुन् । पूर्णबहादुरकी १३ वर्षीय छोरी सपना ओलीको भने अवस्था अज्ञात छ । बुधबार अबेलासम्म पनि डिएसपी पौडेललगायतको प्रहरी टोली, जनप्रतिनिधि, आफन्त र स्थानीयवासीले नदी किनार र अन्यत्र खोजी गर्दा पनि सपनाको अवस्था अझैसम्म अज्ञात रहेको छ ।

उर्मिला र कल्पनाको शव जिल्ला अस्पताल सल्लेमा ल्याएर पोस्टमार्टम गरिएको छ । सपनाको खोजी जारी छ । डिएसपी पौडेलले नदीपारि रहेको भलखोलागाउँमा आफन्तको बिहेबाट फर्कने क्रममा नदी तर्न खोज्दा उनीहरूलाई बगाएको अनुमान गरिएको हो ।

घटनास्थलमा रहेका बाँफीकोट गाउँपालिका-३ का वडा सदस्य देवराज उपाध्यायले घटना अत्यन्त दुःखद रहेको बताए । भलखोलाबाट घर जाँदा सानीभेरी तर्नलाई घरनजिकै झोलुङ्गे पुल पनि छ ।

उर्मिला र कल्पनाको शव करिब पाँच सय मिटरको दूरीमा फेला परेको हो । घटनास्थल उनीहरूको घरभन्दा करिब १५० मिटरको दूरीमा छ ।

उर्मिला र सपना मुसीकोट नगरपालिका-१ मा रहेको त्रिपुरा माविमा कक्षा ६ मा अध्ययरत थिए भने कल्पना स्थानीय जनविकास आविमा कक्षा ५ मा अध्ययनरत छन् ।

नीराजन रोजगारीका लागि भारतमा छन् । पूर्णबहादुरका पनि चार सन्तानमध्ये सपना कान्छी छोरी हुन् । उनी ज्यामी काम गर्छन् ।

प्रहरीले अनुसन्धान कार्य जारी रहेको भन्दै पोस्टमार्टम रिपोर्टपछि थप कुरा खुल्ने जनाएको छ ।

## जबर्जस्ती करणी मुद्दाका फरार डेढ वर्षपछि पक्राउ

**वीरेन्द्रनगर ।** सुर्खेत प्रहरीले जबर्जस्ती मुद्दाका फरार एक अभियुक्तलाई डेढ वर्षपछि पक्राउ गरेको छ । पक्राउ पर्नेमा चिङ्गाड गाउँपालिका–५ का ४१ वर्षीय हर्कबहादुर सुनार रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायव उपरीक्षक मोहनजंग बुढ्थापाका अनुसार, परिवर्तित नाम '६४ वीरेन्द्रनगर क ७८' की महिलाले ०८१ वैशाखमा सुनारविरुद्ध जबर्जस्ती करणीको आरोपमा मुद्दा दर्ता गराएकी थिइन् । तर उनी फरार थिए ।

बिहीबार गाउँमा लुकिछिपी बसेको अवस्थामा उनलाई पक्राउ गरिएको बुढ्थापाले बताए । उनीविरुद्ध जबर्जस्ती करणी मुद्दामा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


**Madhesh Province Government**
**Ministry of Physical Infrastructure Development**
**Infrastructure Development Directorate**
## Infrastructure Development Office
**Birgunj, Parsa**
**Madhsh Province, Nepal**

## NOTICE OF INVITATION FOR ELECTRONIC BID

**First Date of Publication: 13th March 2026**

1. Infrastructure Development Office, Parsa invites **electronic bids** from eligible Nepalese bidders for the following works:

| S.No. | Contract No. | Name of Contract | Cost of Bid Document (NRs.) | Estimated Amount (With VAT and PS) | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|---|---|
| 1. | IDO/PARSA/WORKS/ NCB/44/2082-083 | Beautification of Shree Sansarimai Temple at Pakaha Mainpur-2 Surjaha | 3,000.00 | 29,30,449.96 | 90 days | 70,000.00/ 120 days |
| 2. | IDO/PARSA/WORKS/ NCB/45/2082-083 | Construction of Compound Wall and Gate of Area Administration Office at Jeerabhawani-4, Supauli | 3,000.00 | 14,65,764.00 | 90 days | 35,000.00/ 120 days |
| 3. | IDO/PARSA/WORKS/ NCB/46/2082-083 | Construction of Bhedha Khola Bridge at Birgunj-30 along Lalparsa Chowk Chakardahawa-Swastik Park | 3,000.00 | 55,45,325.21 | 90 days | 1,30,000.00/ 120 days |
| 4. | IDO/PARSA/WORKS/ NCB/16/2082-083 (Re) | Upgradation of Road along Chahi Hajara House to Barham Baba Mandir Birgunj-23 | 3,000.00 | 28,95,255.79 | 90 days | 70,000.00/ 120 days |
| 5. | IDO/PARSA/WORKS/ NCB/18/2082-083 (Re) | Upgradation of Road along Chorni Koniya Birgunj-31 | 3,000.00 | 29,00,106.21 | 90 days | 70,000.00/ 120 days |

| | |
|---|---|
| **Deadline for Bid Submission:** | • 13th April 2026 till 12:00 Noon for S.No. 1-3<br>• 30th March 2026 till 12:00 Noon for S.No. 4-5 |
| **Date, Time and Place of Bid Opening:** | • 13th April 2026 1:00 PM at Infrastructure Development Office, Parsa for S.No. 1-3<br>• 30th March 2026 1:00 PM at Infrastructure Development Office, Parsa for S.No. 4-5 |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Infrastructure Development Office, Parsa or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: **www.bolpatra.gov.np/egp** as specified in the Instructions to Bidders.
4. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

**Office Chief**

### विद्युतीय रिक्सा चालकका समस्याः

# सवारी जफतदेखि अनिवार्य बीमा

शेरबहादुर ऐर
*कैलाली, २८ फागुन*






कैलालीको धनगढी सुदूरपश्चिम प्रदेशको प्रमुख आर्थिक तथा प्रशासनिक केन्द्रका रूपमा चिनिन्छ। यहाँ दैनिक हजारौँ मानिसको आवतजावत हुन्छ। यही आवतजावतलाई सहज बनाउन सार्वजनिक यातायातका विभिन्न माध्यम प्रयोगमा छन्। तीमध्ये पछिल्लो समय सबैभन्दा सस्तो, सहज र वातावरणमैत्री साधनका रूपमा विद्युतीय रिक्सा (इ-रिक्सा) प्रयोग बढ्दो क्रममा छ।

तर, यही साधन चलाएर परिवारको जीविकोपार्जन गरिरहेका चालकहरू अहिले विभिन्न प्रशासनिक, कानुनी तथा व्यवहारिक समस्याबाट गुज्रिरहेका छन्। नगरपालिकाको नीति, ट्राफिक व्यवस्थापन, बीमा प्रणाली र स्थानीय प्रशासनसँगको सम्बन्धका कारण इ-रिक्सा चालकहरू दैनिक रूपमा चुनौती झेलिरहेका छन्।

धनगढीमा भएका केही घटनाले इ-रिक्सा चालकहरूले केवल यातायात सञ्चालनका समस्या मात्र नभएर कानुनी अस्पष्टता, प्रशासनिक हस्तक्षेप र आर्थिक बोझका समस्यासमेत भोगिरहेका छन्। नेपालमा सवारी व्यवस्थापनका लागि सवारी तथा यातायात व्यवस्था ऐन २०४९ लागू छ। यस ऐनले सवारी दर्ता, सञ्चालन, बीमा, चालक अनुमतिपत्र र दुर्घटनासम्बन्धी व्यवस्था निर्धारण गर्छ। प्रदेश सरकारले विद्युतीय रिक्साको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा दिएको छ। तर, त्यही ऐनको फाइदा उठाउँदै धनगढीले विद्युतीय रिक्सामाथि जथाभावी दुरूपयोग गरिरहेको विद्युतीय रिक्सा चालकहरू बताउँछन्।

धनगढी उपमहानगरपालिकाले पनि इ-रिक्सा व्यवस्थापनका लागि केही नियमहरू लागू गरेको छ। जसमा मुख्यतः सवारी दर्ता र नवीकरण, सञ्चालन अनुमति, निश्चित रुट निर्धारण, नगर प्रहरी तथा ट्राफिक नियम प्रमुख छन्। तर, चालकहरूको भनाइअनुसार यी नियमहरू कानुनी प्रक्रियाभन्दा बाहिर गएर व्यवहारमा लागू गरिएको गुनासो बढ्दो छ। विशेषगरी सवारी जफत गर्ने, नगरपालिकाको परिसरमा राख्ने वा बीमा अनिवार्य गर्ने विषयमा चालकहरू असन्तुष्ट छन्।

उनीहरूका अनुसार कतिपय अवस्थामा कानुनी प्रक्रिया नपुगेको अवस्थामा पनि प्रशासनले एकपक्षीय निर्णय गरेको देखिन्छ।

**पहिलो घटनाः उपप्रमुखको गाडीको ठक्करपछि रिक्सा जफत**

धनगढी उपमहानगरपालिका ९ की कृष्णा विकले आफ्नो परिवारले भोगेको समस्या सुनाउँदै स्थानीय प्रशासनप्रति गुनासोसँगै आक्रोस व्यक्त गरिन्। उनका श्रीमान् इ-रिक्सा चालक हुन्।

गत भदौ महिनामा उनी घरबाट कामका लागि निस्किरहेका बेला गलत दिशातर्फबाट आएको गाडीले ठक्कर दिएको थियो। उक्त गाडी धनगढी उपमहानगरपालिकाकी उपप्रमुख कन्दकला राना चढेको गाडी रहेको थियो। ठक्करपछि दुर्घटनाको छानबिन हुनुको सट्टा चालकले उल्टै समस्या भोग्नुपरेको कृष्णा विकले दुखेसो पोखिन्।

दुर्घटनापछि उनका श्रीमान्को इ-रिक्सा धनगढी ट्राफिक कार्यालयमा लगेर राखिएको थियो। त्यो रिक्सा दुई महिनासम्म ट्राफिक कार्यालयमै थियो। यस मिसन टुडेका संवाददाताले ट्राफिक कार्यालयले कुन आधारमा सो विद्युतीय रिक्सा जफत गरेको हो भनेर सोधीखोजी गरेपछि नियमसंगत नदेखिएपछि निसर्त सो विद्युतीय रिक्सा चालकलाई फिर्ता गरिएको थियो। तर, पुनः नगर प्रहरी खटाई उपमहानगरपालिकाले उक्त रिक्सा नियन्त्रणमा लिइ आफ्नै कार्यालय परिसरमा राख्यो। एक सातासम्म पुनः चालकले रिक्सा फिर्ता पाएनन्। उपमहानगरपालिकाले ती चालकलाई २५ हजार जरिवाना तोकेको थियो।

आर्थिक रूपमा सबल नदेखिएका उनले जरिवाना तिर्न सकिरहेका थिएनन्। सवारी दुर्घटनाअन्तर्गत उपप्रमुख रानाको सवारी मर्मतमा लागेको शूल्क ति चालकले तिर्नुपर्ने सर्त नगर प्रमुख गोपाल हमालको रहेको थियो। तर, अन्ततः बिनाजरिवाना उनको रिक्सा नियन्त्रणको एक सातापछि छोडियो। कृष्णा विकका अनुसार, यदि उनीहरूले सार्वजनिक रूपमा कुनै आलोचना नगर्ने प्रतिबद्धता जनाएमा मात्र रिक्सा फिर्ता दिने भनिएको थियो।

उनका अनुसार पुनः धनगढी नगर प्रमुख गोपाल हमालको पूर्वाग्रहका कारण एक हप्ता उक्त रिक्सा उपमहानगरपालिकाको प्राङ्गणमा राखिएको थियो। यो घटनाले एउटा प्रश्न उठाएको छ- 'सवारी जफत गर्ने अधिकार कसलाई छ ?' कानुनअनुसार सवारी नियन्त्रण वा जफत गर्ने अधिकार मुख्य रूपमा ट्राफिक प्रहरीसँग हुन्छ। तर स्थानीय तहले पनि केही अवस्थामा नियमन गर्न सक्छ। त्यसका लागि स्पष्ट प्रक्रिया र कानुनी आधार आवश्यक हुन्छ।

उनले भनिन्, 'गल्ती उपमहानगरपालिकाको चालकको थियो। दुःख हामीलाई दिइयो। तीन/चार महिनासम्म कमाउने आधार खोसियो। घर खर्च चलाउन पनि समस्या भयो। ऋणको भार पनि बढयो।'

**दोस्रो घटनाः नगर प्रहरीसँग विवाद र रिक्सा कब्जा**

धनगढीमा अर्को घटना फागुन ७ गते पुनः दोहोरियो। उपमहानगरपालिकाले फलफूल तथा हाटबजार व्यवस्थापन गर्ने तयारी गरिरहेको थियो। यसै क्रममा अफरोज हुसैन नामका व्यवसायीले फुटपाथमा आफ्नो इ-रिक्सा राखेका थिए। उक्त क्रममा नगर प्रहरीले उनको रिक्सा हटाउन आग्रह गरेको बताइन्छ। तर विवाद बढ्दै जाँदा नगर प्रहरीले उनको रिक्सा चाबी खोसेर नियन्त्रणमा लिएको आरोप छ।

अफरोज हुसैनका अनुसार, विवादकै क्रममा उनीमाथि 'अभद्र व्यवहारको मुद्दा'समेत चलाइयो। साताभन्दा बढी समय बितिसक्दा पनि उनको रिक्सा उपमहानगरपालिकाको नियन्त्रणमै छ। सवारी नियन्त्रणमा लिएपछि कानुनी प्रक्रिया, जरिवाना वा फैसला हुनुपर्ने हुन्छ। तर लामो समयसम्म सवारी नियन्त्रणमा राख्नु उचित हो कि होइन भन्ने प्रश्न उठेको छ। यस्तो घटनाले स्थानीयस्तरमा प्रशासन र साना व्यवसायीबीच अविश्वास बढाएको देखिन्छ।

उनले भने, 'विद्युतीय रिक्सामा फलफूल ओसार-पसार गर्न सहज भइरहेको थियो। शो रुमबाट किस्ताबन्दीमा निकालेको थिएँ। अहिले किस्ता तिर्न पनि समस्या भइरहेको छ। कमाउने आधार त्यही थियो। तर, उपमहानगरपालिकाले नियन्त्रणमा राखेर समस्या दिइरहेको छ।'

**तेस्रो समस्याः अनिवार्य बीमा र आर्थिक बोझ**

धनगढीमा इ-रिक्सा चालकहरूले भोगिरहेको अर्को ठूलो समस्या 'अनिवार्य बीमा नीति' हो। उपमहानगरपालिकाले केही बीमा कम्पनीहरूसँग समन्वय गरेर इ-रिक्सा चालकलाई अनिवार्य बीमा गर्नुपर्ने नियम लागू गरेको बताइएको छ। इ-रिक्सा चालक पुस्कर शाहका अनुसार यो बीमा प्रणाली व्यावहारिक नभएको गुनासो छ।

उनले भने, 'बीमा कम्पनीले दुर्घटना भए पनि सहयोग नगर्ने सर्त राखेको छ। यस्तो अवस्थामा बीमा गरेर के फाइदा ? दुर्घटनामा ज्यान गयो भने मात्र पैसा पाइने व्यवस्था छ। तर सामान्य दुर्घटनामा गाडी मर्मत गर्नुपर्ने हुन्छ। त्यो बीमामा समावेश छैन।'

उनका अनुसार वार्षिक रूपमा तिर्नुपर्ने बीमा रकम ६ हजार ५ सय रूपैयाँ तोकिएको छ। तर इ-रिक्सा चालकहरूको आम्दानी अत्यन्त सीमित हुने भएकाले यस्तो रकम तिर्न गाह्रो हुने उनीहरूको भनाइ छ। एकातर्फ सवारी नवीकरण शुल्क तिर्नुपर्छ, अर्कोतर्फ बीमा रकम पनि उच्च भएको उनीहरू बताउँछन्। धनगढीका धेरै इ-रिक्सा चालकहरू ग्रामीण क्षेत्र वा न्यून आय भएका परिवारबाट आएका छन्। उनीहरूका लागि इ-रिक्सा केवल सवारी साधन मात्र होइन, 'जीविकोपार्जनको मुख्य माध्यम' हो। सामान्यतया एक चालकले दिनमा पाँच सयदेखि एक हजार रूपैयाँसम्म कमाउने बताइन्छ। त्यसबाट-घर खर्च, गाडी चार्ज, मर्मत, किस्ता जस्ता खर्च धान्नुपर्छ। यस्तो अवस्थामा अतिरिक्त कर, जरिवाना वा बीमा शुल्क थपिँदा उनीहरू आर्थिक दबाबमा पर्ने गरेका छन्। धेरै चालकहरूले प्रशासनसँग संवादको अभाव रहेको गुनासो गरेका छन्।

उनीहरूका अनुसार नियम बनाउँदा चालकहरूको सुझाव लिने प्रक्रिया कम भएको छ। इ-रिक्सा सञ्चालनले धनगढीमा केही सकारात्मक प्रभाव पनि पारेको छ। इ-रिक्सालाई वातावरणमैत्री यातायात, सस्तो भाडा, बेरोजगार युवालाई रोजगारी मानिन्छ। तर प्रशासनिक व्यवस्थापन स्पष्ट नभएमा यसले सामाजिक तनाव पनि सिर्जना गरिरहेको छ। चालकहरूलाई अन्याय भइरहँदा स-साना आवाजहरू ठूलो बन्न सक्ने देखिन्छ।

धनगढीका इ-रिक्सा चालकहरूले सवारी जफत गर्दा स्पष्ट कानुनी प्रक्रिया अपनाइनु, बीमा प्रणाली व्यवहारिक बनाइनु, चालकहरूसँग छलफल गरेर नियम बनाइनु, सवारी नियन्त्रण गर्दा अनावश्यक हस्तक्षेप नगर्नु पर्ने मागहरू अघि सारेका छन्।

धनगढीमा इ-रिक्सा सञ्चालनले धेरै नागरिकलाई सस्तो र सहज यातायात उपलब्ध गराएको छ। साथै यसले सयौँ परिवारलाई रोजगारी पनि दिएको छ। तर पछिल्ला घटनाहरूले देखाएको छ कि इ-रिक्सा चालकहरू प्रशासनिक निर्णय, कानुनी अस्पष्टता र आर्थिक बोझका कारण समस्यामा परिरहेका छन्। कानुनको उचित प्रयोग, पारदर्शी प्रक्रिया र चालकहरूसँग संवादको माध्यमबाट मात्र यी समस्या समाधान हुन सक्छन्।

स्थानीय सरकार, ट्राफिक प्रहरी, बीमा कम्पनी र चालकबीच समन्वय भएमा धनगढीमा इ-रिक्सा व्यवस्थापनलाई अझ व्यवस्थित बनाउन सकिन्छ। नत्र भने साना व्यवसायी र स्थानीय प्रशासनबीचको दूरी अझ बढ्ने खतरा रहन्छ।

## नौ वर्षदेखि अलपत्र बैतडीको गोइडाखोला पुल



**बैतडी।** नौ वर्षदेखि अलपत्र पाटन-पञ्चेश्वर सडकखण्ड जोड्ने गोइडाखोलाको पुल निर्माणको काम अन्तिम चरणमा पुगेको छ।

पञ्चेश्वर, शिवनाथ र मेलौली गरी स्वराड क्षेत्रका तीन स्थानीय तह जोड्ने पाटन-पञ्चेश्वर सडकको सुरुवात खण्डमै पर्ने उक्त पुल निर्माणका लागि २०७३ मा ठेक्का सम्झौता भएको थियो।

खोलामा पुल नहुँदा बर्खाका बेला यातायातका साधन चल्न कठिनाइ हुने गरेको थियो। हिउँदमा खोलामा पानी थोरै हुने भएकाले सहज भए पनि बर्खामा खोला बढेका बेला यातायात प्रभावित हुने गरेको थियो।

काठमाडौँको रफिना कन्स्ट्रक्सनले २०७४ पुस ११ मा पुल निर्माण सम्पन्न गर्ने गरी २०७३ पुस १२ मा सम्झौता गरेको थियो।

१५ मिटर लम्बाइ भएको दुई लेनको यो पुलको २ करोड ७० लाख ३४ हजार १३१ रूपैयाँमा निर्माण सम्पन्न गर्ने सम्झौता भएको सडक डिभिजन कार्यालय बैतडीका सूचना अधिकारी इन्जिनियर कपिलप्रसाद पन्तले जानकारी दिए। आउँदो असारसम्म निर्माण सम्पन्न हुने गरी काम भइरहेको इन्जिनियर पन्तले बताए।

जग्गा मुआब्जा विवादको मुद्दाका कारण निर्माणमा ढिलाइ भएको निर्माण कम्पनीको तर्फबाट जिम्मा लिएका स्थानीय निर्माण व्यवसायी मदनमोहन विष्टले बताए। अहिले मुद्दा गर्नेहरूले फिर्ता लिइसकेकाले निर्माणको काम अपघ बढाएको उनले बताए।

यो सडक खण्डमा दैनिक एक सय बढी सानाठूला यातायातका साधन ओहोरदोहर गर्ने गर्छन्। खोला बढेका बेला जिप वारपार गराउन नसकेर वारिपारि नै रोकिनुपर्ने अवस्था रहेको यो खण्डका जिप चालक पारस मंगोलाले बताए।

हाल पाटन-पञ्चेश्वर सडक सुदूरपश्चिम प्रदेश सरकारको पूर्वाधार विकास कार्यालयअन्तर्गत राखिएको छ। यो पुल निर्माणको काम सडक डिभिजन कार्यालयबाट पूर्वाधारमा हस्तान्तरण गर्न अगाडिदेखि निर्माण भइरहेकाले सडक डिभिजन कार्यालयको जिम्मेवारीमा रहेको निमित्त डिभिजन प्रमुख लक्ष्मणदत्त जोशीले बताए।

'पुल निर्माण गरी कालोपत्र गर्नेदेखि पुलको छेउतिरको रेलिङसम्मको काम गरिने छ,' उनले भने, 'चालू आर्थिक वर्षभित्र सबै काम सकेर यातायात सहजरूपमा सञ्चालन हुने छ।' मुद्दाकै कारण पटक-पटक निर्माणको म्याद थप गरी चालू आर्थिक वर्षको अन्तिमसम्म निर्माण सम्पन्न गर्ने गरी अन्तिम म्याद थप गरिएको डिभिजन कार्यालयले जनाएको छ।


### भूमिसुधार तथा मालपोत कार्यालय
**नेपालगन्ज, बाँके**

**रोक्का अद्यावधिक गर्ने सम्बन्धी ३५ दिने सूचना**

**प्रकाशित मिति-२०८२।११।२९**

मिति २०८२/०५/२३ र २४ गते को आन्दोलनको क्रममा यस भूमिसुधार तथा मालपोत कार्यालय, बाँके मा रहेका रोक्का दर्ता किताब (रोक्का रजिष्टर) आगलागिबाट जली नष्ट भएको तथा DMS (डिजिटल अभिलेख प्रणाली) मा समेत रोक्का अभिलेख फेला नपरेको हुँदा, तपसिलमा उल्लेखित जग्गाधनिको नाममा दर्ता रहेका तपसिल बमोजिमका जग्गाहरु निवेदकको माग बमोजिमका काम कारवाही गर्नु पर्ने भएको हुँदा उल्लेखित जग्गाहरु कुनै संवैधानिक निकाय, अदालत, अन्य निकाय, बैंक तथा वित्तीय संस्था वा व्यक्तिबाट रोक्का आदेश, बन्धक कागजात, लिखत वा अन्य कुनै कानूनी प्रमाणका आधारमा रोक्का राखिएको भएमा सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुत प्रमाण सहित यस कार्यालयमा रोक्का अद्यावधिक गर्न आफै आउनु वा लेखि पठाउनु भनि सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र रोक्का सम्बन्धि कागजात सहित उपस्थित नभएमा वा जानकारी लेखि नपठाएमा सो जग्गाहरु रोक्का नरहेको मानी यस कार्यालयवाट हुने दैनिक कारोबारको प्रक्रिया कानून बमोजिम अघि बढाईने तथा तपसिलमा उल्लेखिति व्यक्तिहरूको नाममा रहेको रोक्का सम्बन्धि कार्यमा यस कार्यालय जवाफदेही हुन नसक्ने व्यहोरा समेत सूचित गरिन्छ।

**तपसिल**

| क्र. सं. | जग्गा दर्तावालाको नाम, थर | साविक | | | | | हाल | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कि.नं. | ज.वि. | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल |
| १. | लिल्लोह ढफाली | बाँके | होलिया | ८क | ३३७ | ०-०-११ | - | - | - | - |
| २. | धुरहे ढफाली | बाँके | होलिया | ९क | १९७ | ०-१-१२.२५ | | | | |



### भूमिसुधार तथा मालपोत कार्यालय
**नेपालगन्ज, बाँके**

**रोक्का अद्यावधिक गर्ने सम्बन्धी ३५ दिने सूचना**

**प्रकाशित मिति-२०८२।११।२९**

मिति २०८२/०५/२३ र २४ गते को आन्दोलनको क्रममा यस भूमिसुधार तथा मालपोत कार्यालय, बाँके मा रहेका रोक्का दर्ता किताब (रोक्का रजिष्टर) आगलागिबाट जली नष्ट भएको तथा DMS (डिजिटल अभिलेख प्रणाली) मा समेत रोक्का अभिलेख फेला नपरेको हुँदा, तपसिलमा उल्लेखित जग्गाधनिको नाममा दर्ता रहेका तपसिल बमोजिमका जग्गाहरु निवेदकको माग बमोजिमका काम कारवाही गर्नु पर्ने भएको हुँदा उल्लेखित जग्गाहरु कुनै संवैधानिक निकाय, अदालत, अन्य निकाय, बैंक तथा वित्तीय संस्था वा व्यक्तिबाट रोक्का आदेश, बन्धक कागजात, लिखत वा अन्य कुनै कानूनी प्रमाणका आधारमा रोक्का राखिएको भएमा सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुत प्रमाण सहित यस कार्यालयमा रोक्का अद्यावधिक गर्न आफै आउनु वा लेखि पठाउनु भनि सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र रोक्का सम्बन्धि कागजात सहित उपस्थित नभएमा वा जानकारी लेखि नपठाएमा सो जग्गाहरु रोक्का नरहेको मानी यस कार्यालयवाट हुने दैनिक कारोबारको प्रक्रिया कानून बमोजिम अघि बढाईने तथा तपसिलमा उल्लेखिति व्यक्तिहरूको नाममा रहेको रोक्का सम्बन्धि कार्यमा यस कार्यालय जवाफदेही हुन नसक्ने व्यहोरा समेत सूचित गरिन्छ।

**तपसिल**

| क्र. सं. | जग्गा दर्तावालाको नाम, थर | साविक | | | | | हाल | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कि.नं. | ज.वि. | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल |
| १. | पल्टु थारु | बाँके | बिनौना | ८क | १५५ | ०-३-२ | - | - | - | - |



### भूमिसुधार तथा मालपोत कार्यालय
**नेपालगन्ज, बाँके**

**रोक्का अद्यावधिक गर्ने सम्बन्धी ३५ दिने सूचना**

**प्रकाशित मिति-२०८२।११।२९**

मिति २०८२/०५/२३ र २४ गते को आन्दोलनको क्रममा यस भूमिसुधार तथा मालपोत कार्यालय, बाँके मा रहेका रोक्का दर्ता किताब (रोक्का रजिष्टर) आगलागिबाट जली नष्ट भएको तथा DMS (डिजिटल अभिलेख प्रणाली) मा समेत रोक्का अभिलेख फेला नपरेको हुँदा, तपसिलमा उल्लेखित जग्गाधनिको नाममा दर्ता रहेका तपसिल बमोजिमका जग्गाहरु निवेदकको माग बमोजिमका काम कारवाही गर्नु पर्ने भएको हुँदा उल्लेखित जग्गाहरु कुनै संवैधानिक निकाय, अदालत, अन्य निकाय, बैंक तथा वित्तीय संस्था वा व्यक्तिबाट रोक्का आदेश, बन्धक कागजात, लिखत वा अन्य कुनै कानूनी प्रमाणका आधारमा रोक्का राखिएको भएमा सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुत प्रमाण सहित यस कार्यालयमा रोक्का अद्यावधिक गर्न आफै आउनु वा लेखि पठाउनु भनि सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र रोक्का सम्बन्धि कागजात सहित उपस्थित नभएमा वा जानकारी लेखि नपठाएमा सो जग्गाहरु रोक्का नरहेको मानी यस कार्यालयवाट हुने दैनिक कारोबारको प्रक्रिया कानून बमोजिम अघि बढाईने तथा तपसिलमा उल्लेखिति व्यक्तिहरूको नाममा रहेको रोक्का सम्बन्धि कार्यमा यस कार्यालय जवाफदेही हुन नसक्ने व्यहोरा समेत सूचित गरिन्छ।

**तपसिल**

| क्र. सं. | जग्गा दर्तावालाको नाम, थर | साविक | | | | | हाल | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कि.नं. | ज.वि. | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल |
| १. | बहादुर थारु | बाँके | बैजापुर | ५क | ९८४ | ०-०-८ | - | - | - | - |
| | | | | ५क | ९८९ | ०-०-८.७५ | | | | |
| | | | | १क | ४९९ | ०-१-० | | | | |
| | | | | १ख | ८५१ | ०-०-१३.२५ | | | | |



### Tilagupha Municipality
## Office of the Municipal Executive
**Galje, Kalikot**
**Karnali Province, Nepal**

## Invitation for Bids

**Sealed Quotation No:TM/SQ/W/FIELD/02/2082/83**

**Date of second Publication : 13-03-2026**

1. The Tilagupha Municipality, Galje, Kalikot invites sealed quotations from registered contractors for the construction of Kalika Secondary School Field Construction works.
2. The Estimated amount for the works is(in NRs.): 1,733,011.20 (Exclusive of VAT and Contingencies)
3. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at the office of Tilagupha Municipality, Galje, Kalikot at Galge Kalikot or by reaching out to them at Telephone 9858320058 or by dropping a mail at tilagufamun@gmail.com [or may visit PPMO website www.bolpatra.gov.np.]
4. Sealed Quotation Forms may be purchased by eligible Bidders on the submission of a written application and upon payment of a non-refundable fee of 1000.0 NRs.

Or

Bidder who chooses to submit their bid electronically shall deposit the cost of bidding document in the account specified below:

**Name of the Bank:** Nepal Investment Mega Bank Ltd. **Name of the Office:** Tilagupha Municipality, Galje, Kalikot
**Office Code no:** **Office Account no:** 06201400250009
**Rajaswa (revenue) Shirshak no:**

5. Sealed bids must be submitted to the above office by hand or through e-GP system i.e www.bopatra.gov.np/egp on or before 29 03-2026 12:00 hours . Bids received after this deadline will be rejected.
6. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 29-03-2026 14:00 hours at the office of Tilagupha Municipality, Galje, Kalikot, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs.43500 which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

*[Note : As mentioned in clause 49ka of PPR 2064 clause 49ka ,add more relevant information as per required*

**Chief Administrative Officer**

# अर्थमन्त्री र निजी क्षेत्रका प्रतिनिधिबीच छलफल

मिसन संवाददाता
*काठमाडौँ, २८ फागुन*



अर्थमन्त्री रामेश्वरप्रसाद खनाल र निजी क्षेत्रका प्रतिनिधिबीच समसामयिक आर्थिक विषयमा छलफल भएको छ। बिहीबार अर्थ मन्त्रालयमा आयोजित छलफलमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल चेम्बर्स अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल, नेपाल उद्योग परिसंघका अध्यक्ष विरेन्द्रराज पाण्डे तथा नेपाल उद्योग व्यापार महासंघका अध्यक्ष खेमराज भण्डारीलगायतको उपस्थिति रहेको थियो।

अर्थमन्त्री खनालले आफ्नो कार्यकालमा निजी क्षेत्रबाट प्राप्त सहयोग र पृष्ठपोषणप्रति आभार व्यक्त गरे। उनले २०८२ भदौ २३ र २४ गतेको आन्दोलनका कारण बिग्रिएको व्यावसायिक वातावरण र निजी क्षेत्रको मनोबल उठाउनु प्रारम्भिक चुनौती रहेको उल्लेख गर्दै साझा प्रयासबाट अहिले व्यावसायिक वातावरणमा सुधार आएको जानकारी दिए।

अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयका अनुसार छलफलमा समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने, लगानीमैत्री वातावरण निर्माण गर्ने, घरेलु उद्योग संरक्षण गर्दै निर्यात प्रवर्द्धन गर्ने, पूँजी बजारलाई पारदर्शी बनाउने तथा आर्थिक सुशासन कायम गर्ने विषयमा सुझाव आदानप्रदान भएको थियो।

अर्थमन्त्री खनालले विभिन्न क्षेत्रबाट आएका सुझावअनुसार केही विषय सम्बोधन गरिएको तथा नीतिगत जटिलताका कारण आफ्नो कार्यकालमा बाँकी काम आगामी अर्थमन्त्रीलाई हस्तान्तरण गरिने जानकारी दिए। छलफलका क्रममा निजी क्षेत्रका प्रतिनिधिले अर्थमन्त्री खनालले निजी क्षेत्रका मुद्दा सम्बोधन गर्न देखाएको चासोप्रति धन्यवाद व्यक्त गरेका थिए। उनीहरूले मुलुकको विकास र समृद्धिका लागि राजनीतिक स्थायित्व अपरिहार्य रहेको उल्लेख गर्दै हालै सम्पन्न निर्वाचनको परिणामबाट सकारात्मक अपेक्षा व्यक्त गरे।

निजी क्षेत्रले मूल्यअभिवृद्धि कर (भ्याट) मा बहुदर प्रणाली लागू गर्नुपर्ने, कच्चा पदार्थ र तयारी वस्तुको आयात करबीच कम्तीमा दुई तहको अन्तर राख्नुपर्ने, निर्यात प्रवर्द्धनमा जोड दिनुपर्ने, नियमनकारी निकायको प्रभावकारिता परीक्षण गर्नुपर्ने तथा अन्तःशुल्कका उच्च दर घटाउनुपर्ने विषयमा सरकारको ध्यानाकर्षण गराएको थियो।

# सिँचाइ अभावले चैते धानखेती घट्दै

मिसन संवाददाता
*कञ्चनपुर, २८ फागुन*



कञ्चनपुरमा चैते धानको खेती गर्ने किसानको संख्या बर्सेनि घट्दै गएको छ। कृषि ज्ञान केन्द्र कञ्चनपुर र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यालय कञ्चनपुरको तथ्याङ्कअनुसार चैते धान लगाउने किसानको संख्या हरेक वर्ष घट्दै गएको छ। यहाँ सिँचाइ सुविधा नहुँदा ४०० हेक्टरमा खेती हुने गरेको चैते धान अहिले डेढ सय हेक्टरमा मात्रै हुने गरेको छ।

कृषि ज्ञान केन्द्र कञ्चनपुरका सहायक बाली विकास अधिकृत धर्मबहादुर साउँदले हाल कञ्चनपुरमा १५० हेक्टर क्षेत्रमा खेती हुने गरेको बताए। 'हामीले किसानलाई विभिन्न किसिमका कृषि उपकरण र सिँचाइका लागि बोरिङलगायतका सुविधा उपलब्ध गराउने गरेका छौँ,' साउँदले भने, 'यसका लागि धेरै सिँचाइ आवश्यक हुन्छ, यहाँ सिँचाइ सुविधा उपलब्ध नहुँदा चैते धानखेती घट्दै गएको छ।'

अधिकृत साउँदका अनुसार ज्ञान केन्द्रबाट किसानलाई ५० प्रतिशत अनुदानमा सिँचाइका लागि बोरिङ उपलब्ध गराउँदै आएको भए पनि त्यसले पर्याप्त रूपमा सिँचाइ हुन नसकेको बताए। कृषि ज्ञान केन्द्र कञ्चनपुरले चैते धानखेती प्रवर्द्धन कार्यक्रमअन्तर्गत किसानलाई बीउ, मलखाद, सिँचाइ र जोत्ने उपकरण समेत सहयोग गर्दै आएको छ।

'चैते धान अन्य धानभन्दा उत्पादन धेरै हुन्छ,' अधिकृत साउँदले भने, 'किसानलाई यहाँबाट प्राविधिकको समेत सहयोग हुन्छ।' चैते धान अन्य धानको तुलनामा बढी फल्ने भए पनि सिँचाइ अभावकै कारण खेती गर्न नसकिएको यहाँका किसानको गुनासो छ। 'उत्पादन राम्रो हुन्छ धेरै पानी चाहिन्छ यहाँ सिँचाइका लागि पर्याप्त पानीको सुविधा छैन,' यहाँका किसान खुसीराम चौधरीले भने, 'चैत-वैशाखमा महाकाली सिँचाइ नहरमा पानी उपलब्ध हुँदैन बोरिङको पानीले चैते धानलाई पुग्दैन।'

सिँचाइकै कारण खेत बाँझो रहन थालेपछि चैत धान लगाउन छोडेको उनको भनाइ छ। एकातर्फ सिँचाइ अभाव र अर्कातर्फ छाडाचौपायाका कारण खेती गर्न निकै समस्या हुने गरेको यहाँका अर्का किसान पल्लवराज जोशी बताउँछन्। 'सिँचाइको व्यवस्था भइदिए हाम्रो लागि उपयुक्त त चैते धान नै हो,' उनले भने, 'चैते धानलाई पानीको आवश्यकता भएको समयमा यहाँ खडेरी हुन्छ।'

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना धान जोन कार्यालयले पनि कञ्चनपुरमा लक्ष्य अनुसारको धानखेती हुन नसकेको जनाएको छ। कञ्चनपुरमा कूल खेतीयोग्य जमिन एक लाख ६१ हजार ७४१ हेक्टर रहेको छ। जसमध्ये ५९ हजार ६०२ हेक्टर अर्थात् ३६ प्रतिशत जमिनमा खेती हुने गरेको छ। यसको २९ प्रतिशत क्षेत्रफलमा मात्रै सिँचाइ सुविधा उपलब्ध हुने गरेको छ। कञ्चनपुरमा ४८ हजार ६०० हेक्टरमा धानखेती हुने गरेको छ।

कञ्चनपुरमा हाल महाकाली सिँचाइ आयोजना पहिलो र दोस्रो चरणबाट ११ हजार ६०० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध छ। विसं २०४२ मा सुरु भई २०४८ मा सम्पन्न भएको महाकाली सिँचाइ पहिलो चरणबाट चार हजार ८०० हेक्टर र २०५२ मा सम्पन्न भएको दोस्रो चरणबाट ६ हजार ८०० हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुगेको छ। पहिलो र दोस्रो चरणको सिँचाइबाट यहाँको भीमदत्त, बेदकोट नगरपालिका र बेलडाँडी गाउँपालिकासम्म सिँचाइ सुविधा उपलब्ध छ।

# भोजपुरमा हिउँदे आलु थन्काउन किसान व्यस्त



**भोजपुर।** यहाँका किसान यतिबेला हिउँदे आलु थन्काउन व्यस्त बनेका छन्। खेतबारीमा लगाइएको आलु परिपक्व भएपछि किसानहरू बिहानैदेखि साँझसम्म आलु भण्डारण गर्न बारीमा खटिएका देखिन्छन्। जिल्लाका विभिन्न गाउँबस्तीमा किसानले आलु खन्ने, छानेर बोरा भर्ने, सुकाउने र घरमा भित्र्याउने काम गरिरहेका हुन्।

जिल्लाका ग्रामीण भेगमा हिउँदे मौसममा लगाइने आलु किसानका लागि महत्वपूर्ण बालीका रूपमा लिइन्छ। यसले घरायसी खाद्यान्नको आवश्यकता पूर्ति गर्नुका साथै नगदे आम्दानीको स्रोतसमेत बनेको छ। विशेषगरी जिल्लाका पहाडी भेगका किसानले हिउँदे सिजनमा आलुखेतीलाई प्राथमिकता दिने गरेका छन्।

भोजपुर नगरपालिका, षडानन्द नगरपालिका, टेम्केमैयुङ गाउँपालिकासहित प्रायः सबै क्षेत्रमा किसान यतिबेला आलु खन्ने र थन्काउने काममा व्यस्त देखिन्छन्। केही किसानले उत्पादन भएको आलु घरायसी प्रयोजनका लागि भण्डारण गरिरहेका छन् भने अधिकांशले बजारमा बिक्रीका लागि तयारी गरिरहेका छन्।

भोजपुर नगरपालिका-५ बोखिमका किसान धनबहादुर थापाका अनुसार आलु खेतीले प्रशस्त आम्दानी दिने भएकाले पछिल्लो समय यहाँका किसान यसतर्फ आकर्षित हुँदै गएका छन्। 'अन्य बालीभन्दा आलुबाट छिटो आम्दानी लिन सकिन्छ,' उनले भने, 'भोजपुर बजार नजिक भएकाले बेचबिखनमा खासै समस्या छैन। हामी यतिबेला आलु थन्काउनमा व्यस्त छौँ।'

गाउँबाट युवाशक्ति वैदेशिक रोजगारी तथा सहरतर्फ जाने क्रम बढ्दै जाँदा खेतबारीमा कामदार अभाव हुने समस्या देखिएको किसानहरूको गुनासो छ। अधिकांश किसानले परिवारका सदस्यकै सहयोगमा आलु खन्ने र थन्काउने काम गरिरहेका छन्।

जिल्लामा उत्पादन भएको आलु स्थानीय बजारसँगै छिमेकी जिल्ला र पूर्वी तराईका बजारसम्म पनि बिक्री हुने गरेको व्यापारीहरू बताउँछन्। उचित बजार व्यवस्थापन र भण्डारणको सुविधा उपलब्ध भए आलुखेतीबाट थप आम्दानी लिन सकिने किसानको भनाइ छ।

कृषि ज्ञान केन्द्र भोजपुरका अनुसार जिल्लामा हिउँदे र वर्षे गरी गत वर्ष कूल ५१ हजार ९०० मेट्रिकटन आलु उत्पादन भएको थियो। जिल्लामा करिब तीन हजार २७२ हेक्टर क्षेत्रफलमा आलुखेती हुँदै आएको छ।

समयमै आलु थन्काएर सुरक्षित रूपमा भण्डारण गर्न सके किसानलाई वर्षभरि खाद्यान्नको सहजता हुने र अतिरिक्त उत्पादन भएको बिक्री गरेर आम्दानी लिन सकिने किसान बताउँछन्।


**अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस फर्म/कम्पनीले (इण्डिया) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मूलुक राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MULTI MAKER | MULTI MAKER | CG | CGMM90A | 900 WATT | INDIA | SET | NPR | 4,190/- | |
| 2 | WASHING MACHINE | FRONT LOADING | LG | FV1410S3B | 10 KG | INDIA | SET | NPR | 1,36,690/- | |
| 3 | REFRIGERATOR | SINGLE DOOR | LG | GL-D205ASBB | 190 Ltr | INDIA | SET | NPR | 52,690/- | |
| 4 | REFRIGERATOR | SINGLE DOOR | LG | GL-B205ASLB | 190 Ltr | INDIA | SET | NPR | 49,490/- | |

विक्रेता फर्मको नाम: सि.जी. ईम्पेक्स प्रा.लि.
ठेगाना: चौधरी हाउस, सानेपा, ललितपुर
स्थायी लेखा नं.: ३०१६०९०३६
फोन नं.: ५५२५०३९/०४१



**अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस फर्म/कम्पनीले (चाईना) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मूलुक राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | REFRIGERATOR | DOUBLE DOOR | SENSEI | SRF235DSS04 | 220 Ltr | CHINA | PCS | NPR | 49,990/- | |
| 2 | WASHING MACHINE | FRONT LOADING | SENSEI | SWM8FL3 | 8 Kg | CHINA | PCS | NPR | 62,490/- | |

विक्रेता फर्मको नाम: इ.ओ.एल. प्रा.ली.
ठेगाना: चौधरी हाउस, सानेपा, ललितपुर
स्थायी लेखा नं.: ३०३६६८८४४
फोन नं.: ५५२५०३९/०४१


## भूमिसुधार तथा मालपोत कार्यालय
नेपालगन्ज, बाँके

### रोक्का अद्यावधिक गर्ने सम्बन्धी ३५ दिने सूचना

**प्रकाशित मिति–२०८२।११।२९**

मिति २०८२/०५/२३ र २४ गते को आन्दोलनको क्रममा यस भूमिसुधार तथा मालपोत कार्यालय, बाँके मा रहेका रोक्का दर्ता किताब (रोक्का रजिष्टर) आगलागिबाट जली नष्ट भएको तथा DMS (डिजिटल अभिलेख प्रणाली) मा समेत रोक्का अभिलेख फेला नपरेको हुँदा, तपसिलमा उल्लेखित जग्गाधनिको नाममा दर्ता रहेका तपसिल बमोजिमका जग्गाहरु निवेदकको माग बमोजिमका काम कारवाही गर्नु पर्ने भएको हुँदा उल्लेखित जग्गाहरु कुनै संवैधानिक निकाय, अदालत, अन्य निकाय, बैंक तथा वित्तीय संस्था वा व्यक्तिबाट रोक्का आदेश, बन्धक कागजात, लिखत वा अन्य कुनै कानूनी प्रमाणका आधारमा रोक्का राखिएको भएमा सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुत प्रमाण सहित यस कार्यालयमा रोक्का अद्यावधिक गर्न आफै आउनु वा लेखि पठाउनु भनि सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र रोक्का सम्बन्धि कागजात सहित उपस्थित नभएमा वा जानकारी लेखि नपठाएमा सो जग्गाहरु रोक्का नरहेको मानी यस कार्यालयवाट हुने दैनिक कारोबारको प्रक्रिया कानून बमोजिम अघि बढाईने तथा तपसिलमा उल्लेखिति व्यक्तिहरूको नाममा रहेको रोक्का सम्बन्धि कार्यमा यस कार्यालय जवाफदेही हुन नसक्ने व्यहोरा समेत सूचित गरिन्छ।

तपसिल

| क्र.सं. | जग्गा दर्तावालाको नाम, थर | साविक | | | | | हाल | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कि.नं. | ज.वि. | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल |
| १. | हुकुम सिंह सिख | बाँके | हिरमिनिया | ६ख | ४१८ | ०-०-१८ | ६ | ०४१००१३ | २०२ | ००२९५ |
| | | | | ६ख | ४२३ | ०-८-१३ | ६ | ०४१००१३ | २०९ | ३००० |
| | | | | ६ख | ४८३ | ०-२-६ | ६ | ०४१००१३ | २७६ | ८०० |
| | | | | ५ख | ३७९ | ०-०-१७ | ५ | ०४१००१२ | १७ | ३७० |
| | | | | ६क | ५२० | ०-०-५ | ६ | ०४१००१२ | १९५ | ५० |
| | | | | ६ख | ४४३ | ०-१-१२ | ६ | ०४१००१३ | १७ | ८२५ |
| | | | | ६ख | ४४८ | ०-०-१२ | | | | |
| | | | | ५ख | ३७६ | ०-०-१९ | ५ | ०४१००१२ | ३० | ६६५ |
| | | | | ६क | ५०० | ०-०-८ | ६ | ०४१००१२ | १३१ | १७० |
| | | | | ६क | ५१५ | ०-०-२ | ६ | ०४१००१२ | २०१ | ५० |
| | | | | ६क | ५१० | ०-०-४ | ६ | ०४१००१२ | २१० | ९० |
| | | | | ६क | ४८९ | ०-१-४ | ६ | ०४१००१२ | २५४ | ४४० |
| | | | | ६क | ४९८ | ०-१-२ | ६ | ०४१००१२ | २६२ | ३५० |
| | | | | ६ख | ४३८ | ०-०-४ | ६ | ०४१००१२ | २७५ | ६० |
| | | | | ६ख | ४३३ | ०-०-९ | ६ | ०४१००१२ | २८६ | १६० |
| | | | | ६ख | ४२८ | ०-०-६ | ६ | ०४१००१२ | २९६ | १०० |
| | | | | ६ख | ५०५ | ०-२-१४ | ६ | ०४१००१२ | ३५१ | ५० |
| | | | | ६क | ५३० | ०-०-२ | ६ | ०४१००१२ | १८२ | २५ |
| | | | | ६क | ५२५ | ०-०-४ | ६ | ०४१००१२ | १८९ | ३० |
| | | | | ६क | ४८१ | ०-०-६ | ६ | ०४१००१२ | ३६६ | ८० |
| | | | | ६क | ५३५ | ०-०-२ | ६ | ०४१००१२ | ३७२ | ४० |
| | | | | ६ख | ४८८ | ०-०-२ | ६ | ०४१००१२ | ६५३ | ३० |
| | | | | ६ख | ४७५ | ०-०-१५ | ६ | ०४१००१२ | ६७१ | १९५ |
| | | | | ६ख | ४१३ | ०-४-२ | ६ | ०४१००१२ | ६९० | १४७५ |
| | | | | ६ख | ४९३ | ०-०-४ | ६ | ०४१००१२ | ६९६ | ८० |
| | | | | ६ख | ४५३ | ०-१-३ | ६ | ०४१००१२ | ७५६ | ४७० |
| | | | | ६ख | ४५७ | ०-१-४ | ६ | ०४१००१२ | ८१६ | ४६५ |
| | | | | ६ख | ४६६ | ०-०-१५ | ६ | ०४१००१२ | ८१९ | ३५५ |
| | | | | ६ख | ४८० | ०-०-७ | ६ | ०४१००१२ | ८४२ | १२५ |

## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/११/२९ गतेको मिसन टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

| क्र.सं. | शाखा कार्यालय : गुलरिया, बर्दिया | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | **जमानतकर्ताको विवरण** |
| १. | **नाम : राम नरेश अहिर**<br>ना.प्र.नं. ३५२४, जि.प्र.का. बर्दिया<br>जारी मिति : २०४५/०२/०१<br>बाबुको नाम : मोहन लाल अहिर<br>बाजेको नाम : दयाराम अहिर<br>ठेगाना : बर्दिया जिल्ला, बाँसगढी न.पा. वडा नं. ७ | **नाम : उर्मिला अहिर**<br>ना.प्र.नं. ६५१०१५/३५३, जि.प्र.का. बर्दिया<br>जारी मिति : २०६५/०५/१६<br>पतिको नाम : राम नरेश अहिर<br>ससुराको नाम : मोहन लाल अहिर<br>ठेगाना : बर्दिया जिल्ला, डेउढाकला गा.वि.स. वडा नं. ८<br>हाल : बर्दिया जिल्ला, बाँसगढी न.पा. वडा नं. ७ |
| | **धितोको विवरण** | |
| | राम नरेश अहिरको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियामा दर्ता श्रेष्ता कायम रहेको बर्दिया जिल्ला, डेउढाकला गा.वि.स वडा नं. ८ स्थित कित्ता नं. १५७० र १५६९ को क्षेत्रफल क्रमशः ४५०३.६७ र १३९०.०० व.मि. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत | |
| | **ऋणीको नाम, ठेगाना** | |
| २. | **नाम : जयगुरुदेव जनरल स्टोर्स**<br>नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग,<br>प्रा.फ.र.नं. २४२/३४८८/०७२/०७३, दर्ता मिति : २०७२/०९/०३, पान नं. ६०३७५५२८८, दर्ता मिति : २०७२/०९/०६<br>ठेगाना : बर्दिया जिल्ला, मोहम्मदपुर गा.वि.स. वडा नं. ४, हाल : बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं. ११<br>**प्रोप्राईटर : आशाराम खटिक** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : आशाराम खटिक**<br>ना.प्र.प.न. १०२४९, जि.प्र.का. बर्दिया<br>जारी मिति : २०३४/१०/२८<br>बाबुको नाम : सरजु खटिक<br>बाजेको नाम : गजाधर खटिक<br>ठेगाना : बर्दिया जिल्ला, मोहम्मदपुर गा.पा. वडा नं. ४<br>हाल : बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं. ११ | **२. नाम : कवुतरी खटिक**<br>ना.प्र.नं. ६५-०१-७४-०००१३, जि.प्र.का. बर्दिया<br>जारी मिति : २०७४/०१/०३<br>पतिको नाम : आशाराम खटिक<br>ससुराको नाम : सरजु खटिक<br>ठेगाना : बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं. ११ |
| | **धितोको विवरण** | |
| | आशाराम खटिकको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियामा दर्ता श्रेष्ता कायम रहेको बर्दिया जिल्ला, महमदपुर गा.पा. वडा नं. ४ स्थित कित्ता नं. २२६, ७९, १२५, २५ र ७८ को क्षेत्रफल क्रमशः ५०५.००, ९१०.००, ५९०.००, ३२२५.०० र ९२५.०० व.मि. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
*More than a Bank*
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : गुलरिया, बर्दिया, फोन न. ०८४-४२१२३५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

### हाम्मो माटो प्रा.लि. (लिक्वीडेशन)

**सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन बमोजिम मिति २०७७०६।२७ मा दर्ता भएको प्रा.लि.नं. २४५१०४ को हाम्मो माटो प्रा.लि. लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मिति २०८२।११।२८ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**विरेन्द्र शिवाकोटी**
लिक्वीडेटर
इजाजत पत्र नं. २६७ (मो.नं. ९८५१०५५२४९)

### श्री कमला सामुदायिक वन उपभोक्ता समूह
**जोरायल गा.पा. ०२, डोटी**

**काठ लिलाम बिक्री सम्बन्धि सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/११/२९ गते**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन भएर उत्पादन भई घाटगद्दी गरी राखिएको सल्लो जातको काठ बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ती, संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गरी २२औं दिनको १:०० बजे सावउसको कार्यालयमा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

तपसिलः

| सि.नं. | जात | ग्रेड | थान | परिमाण (क्यूफिट) | कैफियत |
|---|---|---|---|---|---|
| १. | सल्लो | ए | १५ | २६१.०७ | |
| | | बि | ११३ | ९५८.७९ | |
| | जम्मा | | १२८ | १२१९.८५ | |

अध्यक्ष


Mob:9829602188
लाइफलाइन जनरल हस्पिटल
डा. पारस श्रेष्ठ
एम.बी.बी.एस.,एम.डी
कन्सल्टेन्ट फिजिसियन, मृगौला रोग विशेषज्ञ
अब डायलिसिस सेवा पनि
डा. क्रिस्टीन श्रेष्ठ
एम.बी.बी.एस.,एम.डी. एफ.पी.सी.पी. कन्सल्टेन्ट फिजिसियन
विभागीय प्रमुख सुशील कोइराला प्रखर क्यान्सर अस्पताल

गणपति डेण्टल क्लिनिक
Mob:9742818406, 9808549451
डा. प्रतिक श्रेष्ठ
बि.डि.एस.(दिल्ली) मिनि रेडियोलोजी लेजर एण्ड इम्प्लान्ट (अमेरिका)
डेण्टल सर्जन एण्ड इम्प्लान्टोलोजिस्ट, गणपति डेण्टल क्लिनिक
Dental-Maxillofacial-Trauma, Fixed Orthodontic & Implant Center

नेपालगञ्ज उप-महानगरपालिका-१३ सदरलाईन, सरस्वती स्कूल सामुन्ने, बाँके, फोन नं. : ०८१-५३३०७८

# कोहलपुर प्राइड लिग सुरु

**मिसन संवाददाता**
*कोहलपुर, २८ फागुन*

बाँकेको कोहलपुरमा क्याम्पा कोहलपुर प्राइड लिग २०८२ सुरु भएको छ। कोहलपुर स्पोर्टस् एकेडेमीको आयोजनाको नेपाल क्रिकेट संघद्धारा मान्यताप्राप्त कोहलपुर प्राइड लिग सुरु भएको हो। लिगको बिहीबार एक कार्यक्रमका बीच नेपाल क्रिकेट संघ क्यानका सचिव पारस खड्काले उद्घाटन गरे। लिग उद्घाटन सत्रमा बोल्दै सचिव खड्काले कोहलपुर प्राइड लिग राष्ट्रिय टि-२० क्रिकेट प्रतियोगिता कोहलपुरमा सञ्चालन हुनु सुःखद पक्ष रहेको बताए।

कोहलपुर क्रिकेटको इतिहास बोकेको ठाउँ रहेकाले क्रिकेट प्रतियोगिताहरू निरन्तर सञ्चालन हुन आवश्यक रहेको उनले बताए। केही वर्षयता कोहलपुरलगायत बाँकेको क्रिकेट चलायमान हुँन नसकेको बताउँदै उनले आगमी दिनहरूमा यस्ता लिगले चलायमान बनाउने विश्वास व्यक्त गरे।

उनले राष्ट्रियस्तरका खेलाडीहरूको सहभागितामा हुने लिगहरूले स्थानीय खेलाडीहरूले आफ्नो क्षमता प्रस्फुटन गर्न पाउनुका साथै क्रिकेटको विकास हुने बताए। स्थानीयस्तरबाटै खेलाडीहरू उत्पादन मात्र नभइ समग्र कोहलपुरलाई खेलको माध्यमबाट चिनाउन मद्दत पुग्ने जानकारी दिए। स्थानीय सरकारले पनि खेलकुदलाई प्रथामिकता दिएको बताउँदै उनले कोहलपुर नगरपालिकाई धन्यवाद दिए। उनले अन्य स्थानीय तहहरूले क्षेत्रमा लगानी गर्ने तर, खेलकुद क्षेत्रमा लगानी गर्न हिचकिचाउने गरेको बताए।

कोहलपुर क्रिकेट रंगशाला लगायतका भौतिक संरचनाको संरक्षण गर्नुका साथै निर्माणका लागि आफ्नो तर्फबाट गर्न सक्ने सहयोग गर्ने प्रतिबद्धता जनाए। कोहलपुर प्राइड लिगको सफलताको शुभकामना दिँदै उनले लिगलाई निरन्तरता दिन सुझाव दिए।

निर्वाचित भएलगातै कोहलपुर क्रिकेट रंगशालामा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलहरू सञ्चालन गर्ने इच्छा रहे पनि विविध कारणले सञ्चालन गर्न नसकिएको कोहलपुर नगरप्रमुख पूर्णप्रसाद आचार्यले बताए। कोहलपुर क्रिकेट रंगशालाको आफ्नै छुट्टै इतिहास र पहिचान रहेकाले प्रतियोगिता सञ्चालन हुँदा जाने सन्देश उत्तिकै महत्वपूर्ण रहने उनको भनाइ थियो।

तीन प्रदेशको केन्द्रबिन्दुमा रहेको कोहलपुर क्रिकेट रंगशालाको विकास गर्न सके खेलकुदको माध्यबाट फड्को मार्न सकिने बताए। भौतिक पूर्वधार र आर्थिकले मात्र नभई सहर चलायमान बनाउन सबै कुराहरू सञ्चालन गर्न आवश्यक रहेको उनको भनाइ थियो।

कोहलपुरलाई चलायमान बनाउन र क्रिकेटको विकास गर्न कोहलपुर प्राइड लिगलाई निरन्तरता दिने उनले प्रतिबद्धता जनाए। कुनै पदमा रहे पनि नरहे पनि सधैँ प्रतियोगिता सञ्चालनको लागि सक्दो सहयोग पनि हुने उनले बताए।






## युनाइटेड भिजन र कोहलपुर स्पोर्टस्को विजयी सुरुवात

'क्याम्पा' कोहलपुर प्राइड लिग राष्ट्रिय टि-२० क्रिकेट प्रतियोगिताको पहिलो दिन उद्घाटन खेलमा युनाइटेड भिजन क्रिकेट क्लब र कोहलपुर स्पोर्टस् एकेडेमीले विजयी सुरुवात गरेका छन्। प्रतियोगिताको पहिलो दिन बिहीबार कोहलपुर-११ स्थित कोहलपुर क्रिकेट रंगशालामा युनाइटेड भिजन क्रिकेट क्लबले ब्राइटल्याण्ड स्कुल र कोहलपुर स्पोर्टस् एकेडेमीले हिमालयन क्रिकेट एकेडेमीलाई हराउँदै विजयी सुरुवात गरेका हुन्।

पहिलो उद्घाटन खेलमा युनाइटेड भिजन क्रिकेट क्लबले टस जितेर ब्राइटल्याण्ड स्कुललाई बलिङको निम्तो दिएको थियो। सुरुवाती ब्याटिङ गरेको युनाइटेड भिजन क्रिकेट क्लबले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १ सय ५५ रन बनायो।

युनाइटेड भिजन क्रिकेट क्लबले दिएको १ सय ५६ रनको लक्ष्य पक्ष्याएको ब्राइटल्याण्ड स्कुलले १६.१ ओभरमा अलआउट हुँदै १ सय १ रनमा समेटियो। योसँगै युनाइटेड भिजन क्रिकेट क्लबले २२ रनले विजयी भएको हो। युनाइटेड भिजन क्रिकेट क्लबलाई विजयी गराउन महत्वपूर्ण ३ विकेट लिँदै सन्तोष यादव 'प्लेयर अफ द म्याच' घोषित भए।

यस्तै प्रतियोगिताको दोस्रो खेल कोहलपुर स्पोर्टस् एकेडेमी र हिमालयन क्रिकेट एकेडेमीबीच प्रतिस्पर्धा भएको थियो। टस जितेको कोहलपुर स्पोर्टस् एकेडेमीले पहिला ब्याटिङ गर्ने निर्णय गर्‍यो।

कोहलपुर स्पोर्टस् एकेडेमीले सुरुवाती ब्याटिङ गर्दै निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १ सय ९७ रन बनाएको थियो। अर्जुन घर्तीले २७ बलमा ६५ रनर भिम सार्कीले ३७ बलसमा ५२ रनको अर्धशतक पारीको सहयोगमा कोहलपुर स्पोर्टस् एकेडेमीले हिमालयन क्रिकेट एकेडेमीलाई विसाल १ सय ९८ रनको लक्ष्य दिएको थियो।

कोहलपुर स्पोर्टस् एकेडेमीले दिएको १ सय ९८ रनको विसाल लक्ष्य पछ्याएको हिमालयन क्रिकेट एकेडेमीले खराब सुरुवात गर्दै ७५ रनमा अलआउट भयो। निर्धारित १६.३ ओभरमा अलआउट हुँदै ७५ रन जोडेर १ सय २२ रनको हार ब्यहोर्नु पर्‍यो।

टिमका लागि कुनै पनि ब्याटरले ठूलो साझेदारी बनाउन सकेनन्। हिमालयन क्रिकेट एकेडेमीका ब्याटरहरू कोहलपुर स्पोर्टस् एकेडेमीका बलरसामु निरीह बने। कोहलपुर स्पोर्टस् एकेडेमीलाई विजयी बनाउन महत्वपूर्ण ४ विकेट लिएका शिद्धान्तराज शाही 'प्लेयर अफ द म्याच' घोषित भए।

प्रतियोगितामा प्रथम हुने टिमले ४ लाख र द्वितीय हुने टिमले २ लाख रूपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन्। कोहलपुर स्पोर्टस् एकेडेमीको आयोजना, कोहलपुर नगरपालिका संरक्षकत्व र बाँके जिल्ला क्रिकेट संघको समन्वयमा बिहीबारदेखि सुरु भएको प्रतियोगिता चैत २ गतेसम्म सञ्चालन हुनेछ।

### आज दुई खेल हुने

आज प्रतियोगिताको दोस्रो दिनको पहिलो खेल ब्राइटल्याण्ड स्कुल र एसपीए धनगढी कलेजबीच प्रतिस्पर्धा हुने भएको छ। आज ८ बजेदेखि यी दुई टिमबीच प्रतिस्पर्धा हुने भएको हो। त्यस्तै दोस्रो खेल भने दिउँसो १२ बजेदेखि कोहलपुर स्पोर्टस् एकेडेमी र न्यू होराइजन स्पोर्टस् एकेडेमीबीच प्रतिस्पर्धा हुने छ।

# राष्ट्रिय फुटबल टोलीको प्रशिक्षकमा एरेना नियुक्त



**मिसन संवाददाता**
*काठमाडौँ, २८ फागुन*

नेपाली राष्ट्रिय पुरुष फुटबल टोलीका प्रशिक्षकमा स्वीट्जरल्यान्डका गुग्लिएल्मो एरेना नियुक्त भएका छन्।

अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले बिहीबार एरेनालाई प्रशिक्षकमा नियुक्त गरेको हो। एन्फाले प्रशिक्षक एरेनालाई एक वर्षको जिम्मेवारी दिएको बताइएको छ।

इटालीकासमेत नागरिक ५२ वर्षीय एरेनाले यसअघि लाओस र मोरक्कोको क्लब एमएएस फेस सम्हालेका थिए।

# एन्फा महिला लिग चैत ४ देखि चयासल मैदानमा




**काठमाडौँ।** अखिल नेपाल फुटबल संघ (एन्फा)ले यो सिजनको सहिद स्मारक एन्फा महिला लिग चैत ४ देखि गर्ने भएको छ। एन्फाले लिगका खेलहरू च्यासल मैदानमा हुने जनाएको छ।

सिजनको लिगमा दश टोलीले भाग लिनेछन्। भाग लिने टोलीमा न्युरोड टिम, त्रिभुवन आर्मी क्लब, बागमती युथ क्लब, नेपाल पुलिस क्लब, राप्ती एफसी, एपिएफ, चर्च ब्वाइज, आरएस पोखरा, झापा एफसी र संकटा एफसीले प्रतिस्पर्धा गर्दैछन्।

लिगको पहिलो खेलमा न्युरोड र संकटाबीच खेल हुनेछ।

# इरानले २०२६ फिफा विश्वकप बहिष्कार गर्ने

**मिसन संवाददाता**
*काठमाडौँ, २८ फागुन*

इरानका युवा तथा खेलकुदमन्त्री अहमद दुन्यामालीले देशको वर्तमान अवस्था हेर्दा इरानले २०२६ फिफा विश्वकपमा सहभागी हुन सक्ने स्थिति नरहेको बताएका छन्।

विश्वकप जुन ११ बाट अमेरिका, क्यानडा र मेक्सिकोमा सुरु हुँदैछ। इरानले समूह चरणमा तीन खेल खेल्ने तालिका रहेको छ। टोलीले जुन १५ मा लस एन्जलसमा न्युजिल्याण्डसँग, जुन २१ मा बेल्जियमसँग र जुन २६ मा सियाटलमा इजिप्टसँग प्रतिस्पर्धा गर्ने कार्यतालिका छ।

तर, अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरी सर्वोच्च नेता अली खामेनीको हत्या गरेपछि इरानको विश्वकप सहभागिता अनिश्चित बनेको हो। त्यसको प्रतिक्रियास्वरूप इरानले इजरायल तथा अमेरिकी सैन्य आधार रहेका अन्य देशतर्फ मिसाइल र ड्रोन प्रहार गरेको थियो।

आईआरआईबी स्पोर्ट्स नेटवर्कसँगको अन्तर्वार्तामा मन्त्री दुन्यामालीले भने, 'यो भ्रष्ट सरकारले हाम्रो नेताको हत्या गरेको अवस्थामा हामीसँग विश्वकपमा सहभागी हुने कुनै पनि उपयुक्त अवस्था छैन। हाम्रा खेलाडी सुरक्षित छैनन् र प्रतियोगितामा सहभागी हुने वातावरण बनेको छैन।'

उनले पछिल्लो आठ-नौ महिनामा दुई वटा युद्ध भएको र हजारौँ इरानी नागरिक मारिएको पनि बताए। 'त्यसकारण विश्वकपमा सहभागी हुने सम्भावना हामीसँग छैन,' उनले भने।

यसअघि फिफा अध्यक्ष जियानी इन्फान्टिनोले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भेट भएको जानकारी दिँदै इरानलाई विश्वकपमा सहभागी हुन अमेरिका स्वागत गर्न तयार रहेको बताएका थिए।

इन्स्टाग्राममा इन्फान्टिनोले लेखेका थिए, 'हामीलाई अहिले झन् बढी विश्वकपजस्तो कार्यक्रम चाहिएको छ जसले मानिसलाई एकताबद्ध बनाउँछ। फुटबलले विश्वलाई जोड्छ।'

उता इरान फुटबल महासंघका अध्यक्ष मेहदी ताजले पनि इरानको विश्वकप सहभागितामाथि प्रश्न उठाएका छन्। इरानको महिला राष्ट्रिय टोलीका छ सदस्यले सुरक्षाको चिन्ताका कारण अष्ट्रेलियाबाट 'मानवीय भिसा' पाएका थिए।

एसियन कपबाट बाहिरिएपछि बाँकी इरानी खेलाडी मंगलबार अष्ट्रेलियाबाट स्वदेश फर्किएका छन्। अष्ट्रेलियाका गृहमन्त्री टोनी बर्कका अनुसार सात जनालाई शरण दिइएको थियो, तर एक खेलाडीले पछि आफ्नो निर्णय बदल्दै स्वदेश फर्कने निर्णय गरेकी थिइन्।

ताजले भने, 'यदि विश्वकपमा पनि यस्तै अवस्था हुने हो भने टोलीलाई अमेरिकामा पठाउने निर्णय कुनै पनि समझदार व्यक्तिले स्वीकार गर्दैन।'

यदि इरानले विश्वकपबाट औपचारिक रूपमा नाम फिर्ता लिएमा फिफासँग प्रतिस्थापन टोली छनोट गर्ने अधिकार हुन्छ। सम्भावित रूपमा एसियाली फुटबल महासंघ (एएफसी) भित्रकै कुनै टोलीलाई मौका दिन सकिने अनुमान गरिएको छ। इराक वा संयुक्त अरब इमिरेट्स विकल्प हुन सक्ने चर्चा छ, तर फिफाका नियमअनुसार अन्य महासंघबाट पनि टोली छनोट गर्न सकिन्छ।

यद्यपि अन्तिम निर्णय इरानको फुटबल महासंघले गर्नेछ। हालका लागि फिफाले भने इरानले न्युजिल्याण्ड, बेल्जियम र इजिप्टसँग तय भएका खेल खेल्ने अपेक्षा कायम राखेको छ।

यदि इरानले विश्वकपमा सहभागी हुन अस्वीकार गर्‍यो भने त्यसले गम्भीर परिणाम ल्याउन सक्छ। सन् १९८२ को विश्वकप छनोटमा इरानले कुवेतसँग खेल्न अस्वीकार गरेपछि उनीहरू त्यस प्रतियोगिताबाट बाहिरिएका थिए र पछि १९८६ विश्वकपबाट फिफाले प्रतिबन्ध लगाएको थियो।

हालका लागि फिफा प्रतीक्षामा रहेको छ। यस महिनाको अन्त्यतिर हुने प्ले-अफ खेलपछि अन्तिम रूपमा विश्वकपमा छनोट भएका टोलीहरूको सूची स्पष्ट हुनेछ।


**Kedarsyun Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Deura, Bajhang**
**Sudur Pashchim Province, Nepal**

**Invitation Of Electronic Bids for Procurement of Goods**

**Second Date of publication:- 2082/11/29 (13-03-2026)**
**Invitation for Bids No: 12/2082/083**

Kedarsyun Rural Municipality, Office of Rural Municipal Executive, Deura Bajhang invites electronic bids on 2082/11/29 from Nepalese eligible bidders under Sealed Quotation (SQ) Procedures for procurement of Goods Mentioned below:

| Contract No. | Description of Work and Location | Estimated Amount with VAT | Bid Document fee NRs. | Bid Security NRS |
|---|---|---|---|---|
| KRM/SQ/Goods-12/2082/083 | Procurement of Furnitures and supply to the ward no 5 office of kedarsyun Rural Municipality, Bajhang | 690825.50 | 1000.00 | 17300.00 |

Purchase, Submission and Opening:

| Contract Date | | Late Date Of Bid Submission | | Bid Opening | |
|---|---|---|---|---|---|
| Email: kedarasyumun@gmail.com | | Time | Date | Time | Date |
| Contact No.: 9858485003/9865766560 | | 12:00 Noon | 29-03-2026 | 14:00 Noon | 29-03-2026 |
| Bank Name and Address | Office Name | Revenueac Details (Antarik Rajaswa Khata) | | Deposit A/C Details (Dharauti Khata) | |
| | | Account Name | Account Number | Account Name | Account Number |
| Nepal Investement Mega Bank Jhota/ Deura Branch | Office of kedarasyun Rural Municipal Exective, Deura, Bajhang | GA 1.1 KEDARSYUN GAUPAALIKA AANTARIK RAJSHWO KHATA | 07501400250009 | GA 3.1 KEDARSYUN GAUPALIKA DHARAUTI KHATA | 07501400250153 |

- Tender documents shall follow public procurement Act, 2063 (Latest Amendment)
- Elifible Bidders may refer complete set of bid Document for futher information at office of Kedarsyun Rural Municipality, Bajhang of PPMO's website www.bolptra.gov.np/egp and bidders shallhave the option of submitting their bids electronically only
- The Employer reserves the right to accept or reject, wholly or partly any or all Sealed Quotation without assigning any reason whatever.

**Chief Administrative Officer**


**मिसन टुडे राष्ट्रिय दैनिकका लागि प्रकाशक/सम्पादकः** बिनोद पौडेल। **कार्यकारी सम्पादकः** कृष्ण ओली। **कार्यालयः** कोहलपुर बाँके। नयाँ बानेश्वर, (मिलन चोक) काठमाडौँ। **फोनः** ९८५१३१९६६९, ९८५८०२३०६९
**इमेलः** missiontodaydaily@gmail.com। **विज्ञापनका लागि इमेलः** adv.marketingmission@gmail.com। **मुद्रणः** मिसन अफसेट प्रेस, कोहलपुर (बाँके)। नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि. भक्तपुर।